पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान
साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ अङ्क : २० २०७२ पुस १० गते शुक्रबार (Dec. 25 , 2015) मूल्य रू. १०/-

## सशस्त्र हो कि भ्रष्टाचार भण्डार ?

काठमाडौं । अख्तियारले ७ करोड भ्रष्टाचार गरेको आरोपमा बयान लिदा आइजीपी कोषराज वन्तले ठाडै भ्रष्टाचार गरेको हो भनेर भन्दा अख्तियार नै जिलप्यो । उनले बयानमा भनेका छन्- हो, मैले बिल भर्पाइ मिलाएर पैसा बटुलेकै हो । तर त्यो पैसा मेरा लागि होइन, खेलकुद, सांस्कृतिक कार्यक्रम र चन्दाका लागि उठाएको हुँ । यसरी उठाएको ७ करोड होइन, ४० करोड हो ।

अर्थात सशस्त्रले ४० करोडको खेलकुद, सांस्कृतिक कार्यक्रम र चन्दामा खर्च गर्दोरहेछ । उनलाई थुनामा राखेर अनुसन्धान अघि बढाउने अख्तियारको कुरा सुनेपछि कोषराज वन्तले भने म थुनामा बस्दिन । त्यसो भए १० करोडको धरौटी राख्नुपर्छ अख्तियारले माग गऱ्यो । कोषराजले हुन्छ भनेर १० मिनेटमै सिटिजन बैंकको जमानत पत्र नै अख्तियारलाई थमाइदिए । (बाँकी अन्तिम पेजमा)

# दुवै राप्रपाले समर्थन फिर्ता लिए सरकार चट

काठमाडौं । राप्रपा नेपालका अध्यक्ष कमल थापाले बरिष्ठ उपप्रधानमन्त्रीको मजा चाखिसके । दिल्लीदेखि लण्डन, काठमाडौंदेखि बेइजिङसम्मको दूरी पनि तय गरिसके । अब उनको महत्वकांक्षा भनेको प्रधानमन्त्री पद नै हो । यसका लागि केपी ओली, प्रचण्डजस्ता वामपन्थीको हैसियत मटियामेट भइसकेकाले उनलाई



प्रधानमन्त्रीको अफर आउन थालेको छ । केपी ओलीको सरकार नगिरी मधेस



आन्दोलन साम्य नहुने भयो, भारतले नाकवन्दी पनि नखोल्ने भयो । हाहाकारमा नेपाल



बाँच्नसक्ने स्थिति पनि रहेन । भूकम्पले ७ (बाँकी अन्तिम पेजमा)

## अपमानको स्याल हुइया बढी भयो

काठमाडौं । राष्ट्रपति विद्या भण्डारीप्रति सबैको सम्मान छ । उनलाई बलीको बोको बनाउन उनको मातृपार्टी एमाले र एमाले नेतृत्वको सरकार नै लागेको छ । कुरोलाई बंग्याएर पहाडी र मधेसीबीच द्वन्द्व गराउने कारण विद्या भण्डारीलाई अघि सारिदैछ । यो अनुचित कार्यले मधेसी खेमा अरू बिच्किने खतरा बढेर गएको छ ।

कुरो हो, विद्या भण्डारीलाई अलच्छिना भन्ने को हुन् ? यो विश्वका महिलाहरूमाथिको अपमान हो । निश्चय महिलामाथि अपमान गर्न पाइन्न । अपमान मधेसी मोर्चाका कार्यकर्ता र सरकारी कर्मचारीले नै गरेछन् । (बाँकी अन्तिम पेजमा)

## सरकार ढाल्न कांग्रेस-मधेसी मोर्चा तयार

अभियान संवाददाता

काठमाडौं । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले मधेसमा आन्दोलनरत केही मधेसवादी दलहरूसँग वार्ता गरिरहेको छ । आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले कांग्रेससँग अबको माग प्रधानमन्त्री केपी ओलीको राजिनामा उठाएपछि कांग्रेस थप हौसिएको छ । कांग्रेस सभापति सुशील कोइरालासँगको वार्तामा मोर्चाले त्यस्तो माग गरेको हो ।

मोर्चाका नेता एवं मतलोपाका अध्यक्ष महन्थ ठाकुरले कोइरालासँग भएको वार्तामा त्यस्तो माग उठाएपछि नेपाली कांग्रेस आफ्नो पार्टीको आगामी फागुनमा हुने महाधिवेशन पछि सरकारको नेतृत्व फेर्न सहमत भएको एक नेताले बताएका छन् । अध्यक्ष ठाकुरका अनुसार मधेस आन्दोलनको मुख्य माग सीमांकनमा नै



भएको विवाद नभएको बताउँदै मर्चाले उठाएका ११ बुँदे मागको निकासका लागि प्रधानमन्त्री ओलीको राजिनामा आवश्यक रहेको बताउँदै त्यसका लागि प्रमुख प्रतिपक्षी



दलले अघि बढ्नु पर्ने बताएका छन् । मोर्चाका अनुसार ओली नेतृत्वको सरकार जतिबढी टिक्छ त्यतिन्जेल आन्दोलनरत (बाँकी अन्तिम पेजमा)

## अख्तियारको फन्दामा ठूलो माछा

अभियान संवाददाता

काठमाडौं । राजधानीबाट प्रकाशित हुने यस साप्ताहिकलगायत धेरै पत्रपत्रिका र सञ्चारमाध्यमहरूले सशस्त्र प्रहरीका महानिरीक्षक कोषराज वन्तले व्यापक भ्रष्टाचार गरेको समाचारहरू प्रकाशित गरेका थिए । तर वन्तको स्वाफमा केही कमी देखिएको थिएन । भनिन्छ, जतिसुकै पैसा भए पनि एक दिन पोल अवश्य खुल्छ, वन्तको हालत अहिले त्यस्तै भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वन्तका बारेमा परेका उजुरीहरूका बारेमा लामो समयदेखि छानविन गरिहेको थियो, तर, उनले विभिन्न शक्तिकेन्द्रहरूलाई खुसी पारेर कारबाही हुनबाट जोगिँदै आएका भएपनि अहिले उनी अख्तियारको फन्दामा परेका छन् । अख्तियारलाई साना



माछाहरूलाई मात्र कारबाही गरी ठूला माछाहरूलाई कारबाहीको दायरामा ल्याउन नसकेको आरोप लागिरहँदा सशस्त्र प्रहरी (बाँकी अन्तिम पेजमा)

## विखण्डन गर्न खोज्नेहरु अन्तै जाउ

अभियान संवाददाता

सुनसरी । प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीले सुनसरी, मोरङ र झापालाई कुनै हालतमा पनि टुक्राउन नदिने उद्घोष गरेका छन् । सोमबार सुनसरीको इटहरीमा एमाले सुनसरीको दोस्रो जिल्ला परिषद् बैठकको उद्घाटन गर्दनै उनले भने, मेची, कोशी र सगरमाथा अञ्चलको एकइन्च जमिन पनि टुक्राउन नदिनेमा प्रतिबद्ध छु ।

सोही कर्यक्रममा बोल्दै प्रधानमन्त्री ओलीले भने, कतिञ्जेल बाच्छु थाहा छैन, तर देश र जनताको अहित हुने काम आफू प्रधानमन्त्री रहुन्जेल र बाँचुन्जेल गर्दिनँ । उनले भावुक हुँदै अगाडि भने, देश विखण्डन गर्न खोज्नेहरु अब नेपालबाट अन्यत्र गएर आन्दोलन गर्नुहोला । एक नम्बर प्रदेशमा समावेश गरिएको एक इन्च जमिन पनि यताउता नगरिने बताउँदै जनकपुरमा बस्नेहरूले सुनसरी, मोरङ र झापा टुक्राउने कुरा गर्दैमा यी जिल्लाहरू विभाजन हुँदैनन् । कुन प्रदेशमा बस्ने हो, सोही प्रदेशका जनतामा त्यो भरपर्छ । जनताले नै त्यसको निर्णय गर्न पाउनु पर्ने प्रधानमन्त्री ओलीले जिकिर गरे ।

प्रधानमन्त्री बैठकमा रहेकै बेला एमाले मोरङका अध्यक्ष महेश रेग्मी र एमाले झापा अध्यक्ष चिन्तन पाठकले सुनसरी, मोरङ र झापालाई टुक्राइए आफूहरूले कडा आन्दोलन गर्ने चेतावनी दिएपछि प्रधानमन्त्री ओलीले कुनै हालतमा पनि ति जिल्ला नटुक्राउने भन्दै कडा आन्दोलनको आवश्यकता नै नभएको बताउँदै पार्टी कार्यकर्ताहरूलाई नयाँ संविधानका बारेमा जनतालाई बुझाउन आग्रह समेत गरेका थिए । सो अवसरमा प्रधानमन्त्री ओलीले भारतले अघोषित नाकाबन्दी गरेर सरकारको घाँटी अँठ्याएको भन्दै एक वर्षभित्रमा देशलाई लोडसेडिङ मुक्त बनाउने, (बाँकी अन्तिम पेजमा)

## भारतको द्वैध नीति

भारतले मधेस समस्या समाधानका निम्ति वर्तमान ओली सरकारले सर्वसम्मत रूपमा पारित गरेको ३ बुँदे 'प्रस्ताव'लाई स्वागत गऱ्यो । नेपाल सरकारले पनि भारतको 'स्वागत'लाई 'स्वागत' गऱ्यो । एकथरी नेपालीले पनि यो 'प्रक्रिया'लाई हर्षोल्लासपूर्वक स्वागत गरे । अब नाका (खासगरी वीरगञ्ज) खुल्छ, र यस्तो नारकीय जीवन ( अभाव, महँगी र भाँडभैलो) बाट अबचाहिँ मुक्त भइन्छ भन्ने सोचे । जुन केही हदसम्म सही पनि हो । तर, अहँ मधेसी मोर्चा (जो तराई मधेसमा आन्दोलनरत छ)ले सरकारी प्रस्तावलाई मान्दै मानेन् ।

खासगरी सीमाकंनमा अझै पनि चित्तदुखाइ छ । उधारो शर्त (आयोगबाट टुंग्याउने, ३ महिनाभित्र) मान्दैनौं, आन्दोलन र नाकामा अवरोध जारी रहन्छ भनेर मोर्चाले बताइसकेको छ । त, के हो- यो ? के भारत अब आफूले



शाश्वत शर्मा खतिवडा

गरेको 'नाकाबन्दी'को बोझ अब शुद्ध रूपमा मधेसी मोर्चालाई मात्र बोकाएर आफू चोखिन चाहन्छ ? कि, मोर्चा 'हामीहरू पनि भारत पक्षीय होइनौं, यो आन्दोलन विशुद्ध रूपमा मधेसी जनताले गरेको हो,' भनेर देखाएर भारतलाई चोख्याउन चाहान्छन् ? यो दुईटा कुरामा एउटा चाहिँ हो । खासगरी मधेसी मोर्चाको 'बलबुता'ले मात्र यो आन्दोलन 'सफलतातिर' उन्मूख भएको छैन । निश्चय पनि भारतको सहयोग र समर्थन छ-छ । तर, भारतमै पनि यो आन्दोलनका विरूद्धमा विपक्षीहरूले गरेको कडा प्रतिवाद अनि विश्वले दिएको अघोषित दबाब लाई अब भारत सरक्कसँग मधेसी मोर्चालाई देखाएर आफू पन्छिन चाहेको कुरा एकथरीले बताउन थालेका छन् ।

तिनको मत छ, यो आन्दोलन ( मधेसको) रोकिँदैन । 'स्वरूप' परिवर्तन भएको छ । नाका (वीरगञ्ज) बन्द (कि अवरोध?) जारी रहन्छ । हो, अब भारतलाई 'गाल' पर्दैन । भारतीय राजदूत रन्जित रेले मधेसी मोर्चाका नेताहरूलाई दूतावासमै बोलाएर सरकारी प्रस्ताव (३ बुँदे)लाई समर्थन गर्नु पऱ्यो भनेर भनेको (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– *अभियानवाणी*

अभियान
साप्ताहिक

सम्पादकीय

# संघीयता नै समस्याको कारक

*संविधानसभाले नयाँ संविधान निर्माण गरी असोज ३ गते जारी गरेपश्चात पनि मुलुक अशान्त भएको छ । केही मधेसवादी दलहरुले मधेसमा र खास गरेर नेपाल–भारत सीमा नाकामा अवारेध पुऱ्याइरहेका छन् । अहिले त्यही अवरोधका कारण जनताले अनाहकमा सास्ती भोग्नु परिरहेको छ । केही मधेसवादी दलहरुको मुद्दालाई लिएर दक्षिणी छिमेकी मुलुक भारतले अघोषित नाकाबन्दी लगाएर नेपाली जनतामाथि बलेको आगोमा घ्यू थप्ने काम गरेको छ । भारतको उक्त कार्यले गर्दा नेपाली जनतामा भारतविरोधी भावना वृद्धि भएको छ । झण्डै एक वर्ष पहिला भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आउँदा उनलाई नेपाली जनताले सडक सडकमा उभिएर समर्थन र स्वागत गरेका थिए, तर आजै तिनै जनता मोदी र भारतको विरुद्धमा खनिएका छन् । यसको एउटै कारण हो, नेपाली जनताले भारतविरुद्ध कुनै अपराध नगरे पनि युद्धमा समेत नगरिएको काम भारतले गरेको छ । युद्धको समयमा पनि औषधी रोकिँदैन, तर आज भारतले औषधी ल्याउन समेत दिएको छैन । औषधीको अभावमा अस्पतालहरुमा विरामीहरुको उपचार हुन सकिरहेको छैन । इन्धन, ग्यास नभएर नेपाली जनताको चुल्हो बल्न छोडेको छ । २१ औं शताब्दीमा नेपाली जनता ढुंगे युगमा जस्तो दाउरा बाल्न बाध्य भएका छन् । के यही हो त एउटा असल छिमेकीले देखाउनुपर्ने ब्यवहार ?*

*भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सक्कली रुप पनि नेपाली जनताले अघोषित नाकाबन्दी खेपेपछि थाहापाएका छन् । उनको बोली र ब्यवहारमा ब्यापक अन्तर रहेको प्रष्ठ भएको छ । सोझै रुपमा केही गर्न नसकेपछि अर्को रुप धारण गरेर नेपालमाथि अघोषित नाकाबन्दी गरिएको छ । जसरी रावणको पञ्जाबाट सीतालाई छुटाउन रामले रावणसँग लडाई लड्नु पऱ्यो त्यस्तै लडाई आज नेपाली जनताले लड्नु परेको छ । आफ्नो देशको सार्वभौमसत्ता, स्वाधिनता, स्वाभिमान र राष्ट्रिय अखण्डताका लागि । आजको नेपाली जनताको लडाई भनेको वर्तमान  नेपालको राजनीतिक, भौगोलिक परिवेशका आधारमा हो भने मुलुकमा संघीयता चाहिँदैन भन्ने नै हो । संघीयताको टुंगो संसद्ले नभएर जनताले जनमत संग्रहको माध्यमबाट टुग्याएको भए अहिलेको विवाद आउने नै थिएन । संघीयताको बारेमा यति ठूलो विवाद उत्पन्न भएपछि अब संसद्ले नै टुंग्याइसकेको विषय भनेर राजनीतिक दलहरुले हठ गर्नुभन्दा जनमत संग्रहको माध्यमबाट जनतालाई निर्णय गर्न दिने हो भने मधेस आन्दोदन स्वतः समाप्त हुन्छ ।*

*यो सानो मुलुकमा अहिले प्रस्ताव गरिएको सात प्रदेश नै बढी भएको छ । उत्तरसीमादेखि दक्षिण सीमा जोडिएका  ३/४ प्रदेश र एक राजधानी प्रदेश बनाएर समस्याको समाधान गर्न दलहरु पछि हट्नु हुँदैन । त्यसैले धेरै प्रदेशको अवाश्यकता नेपाली जनतालाई छैन । मधेसवादी दलहरुका केही नेताहरु र सत्ताधारी अनि प्रमुख प्रतिपक्षी दलका केही स्वार्थी नेताहरुको स्वार्थका लागि प्रदेशहरु निर्माण गर्दै जाने हो भने एक दिन नेपाल टाट पल्टिन सक्छ । अहिले सिंहदरबारमा रहेका सबै मन्त्रालयहरु र विभागहरु प्रदेशमा पुग्ने भएकाले ती सबैलाई पाल्न सक्ने आर्थिक अवस्था हामीसँग छैन । त्यसैले अब सम्पूर्ण नेपाली जनता कसैको झुठको खेतीको प्रलोभनमा पर्नु हुँदैन । नेताहरुले गर्ने गरेको झुठको खेतीलाई विश्वास गरेर यहाँसम्म आइपुग्दा मुलुक र जनताले आफूले नगरेको अपराधको सजाय भोग्न बाध्य हुनु परेको छ । भारतले अघोषित नाकाबन्दी पनि हाम्रा नेताहरुकै कारण लगाएको हो । नेपाली जनता कसैका गुलाम नभएका हुनाले राष्ट्र जोगाउने काम समेत जनताकै हो । नेताहरु भ्रष्ट र अनैतिक हुन सक्छन्, तर जनता भ्रष्ट हुन सक्दैनन् । नेताहरुले राष्ट्र लुटेर धेरै सम्पत्ति आर्जन गरेका हुन्छन्, र अप्ठ्यारो अवस्था आए उनीहरु अर्को मुलुकमा समेत गएर जीवन बिताउन सक्छन् । विश्वमा त्यस्ता धेरै उदाहरणहरु रहेका छन् । तर, जनताले आफ्नो मुलुक छाडेर अर्को मुलुकमा आफ्नै कारण गएको इतिहास छैन । केवल नेताहरुकै कारण मात्र त्यस्तो भएको इतिहास साक्षी रहेको छ । त्यसैल अब स्वयं जनता नै राष्ट्र बचाउन जाग्नु पर्ने आवश्यकता टड्कारो रुपमा देखिएको छ ।*

*राजनीतिक दलका नेताहरुको पहिलो दायित्व र कर्तब्य भनेको आफ्नो राष्ट्र बचाउनु र विकास गर्नु नै हो । यदि आफूहरुले गलत नीति लिएको भए, त्यसलाई सच्याउन सक्नु सही नेतृत्व दिनु हो । त्यसैले अब एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालसाहित कांग्रेस सभापति सुशील कोइराला, एमाले अध्यक्ष केपी ओलीसहितका अन्य दलका नेताहरुले नेपाली जनताको भावना बुझेर संघीयता हामीलाई वा नेपालजस्तो सानो मुलुकलाई अफाव भएको निष्कर्ष निकल्दै संघीयता अवाश्यक छैन भनेर त्यही अनुरुपको कम कारबाही अघि नबढाएसम्म समस्याको सही  रुपमा समाधान हुन सक्दैन । संघीयताले गर्दा नै मुलुक अहिले आक्रान्त भएको सत्य हो । देश बचाउन सक्नु नै ठूलो राजनीतिक सफलता हो र नेतृत्वको परीक्षा पनि संकटकै बेला हुने गर्छ । त्यसैले नेताहरु सबैले आदर गर्ने पात्र बन्न सक्नुपर्छ । यदि बेलैमा जनताको भावना नबुझ्ने हो भने उनीहरु बुख्याँचा मात्र हुनेछन् ।*

# सत्ता साझेदारबाटै सरकार फाल्ने खेल सुरु

*देवेन्द्र चुडाल*

केपी ओलीले नेतृत्व गरेको सरकारले मन्त्रिपरिषदको बैठकबाटै संविधान संशोधन प्रस्ताव व्यवस्थापिका संसदबाट अघि बढाउने औपचारिक निर्णय गरेको २४ घण्टापछि भारतीय विदेश मन्त्रालयले वक्तव्य निकालेर स्वागत गरेको छ । उसले अघोषित रूपमा लगाउँदै आएको नाकाबन्दी हटाउने संकेत समेत गरेपछि मधेसमा भारतकै सहयोग र समर्थनमा आन्दोलन गरिरहेका केही मेधसवादी दलहरू छट्पटाउन थालेका छन् । मधेसमा आन्दोलन भएको १ सय २० दिन पुगिसकेको र त्यसले गर्दा नेपाली अर्थतन्त्र नै चौपट भएको छ । नेपालको तत्कालिन संविधानसभाले २०७२ असोज ३ गते संविधान जारी गरेपश्चात भारतले नेपालमाथि अघोषित नाकाबन्दी लगाउँदै आएपनि उसले अहिलेसम्म नाकाबन्दी भनेर स्वीकार गर्न सकिरहेको छैन । नेपाली जनताले आफ्ना लागि संविधान निर्माण गरेका हुन् । संविधान भनेको ढुंगामा लेखिएको अक्षर नभएको हुनाले आवश्यकता अनुसार संविधान संशोधन हुँदै जाने भएकाले त्यही संविधानलाई लिएर केही मधेसवादी दल र भारतले नेपालमाथि नाकाबन्दी लगाउनु किमार्थ उचित हुन सक्दैन ।

ऽ२०६३ सालमा निर्माण गरिएको नेपालको अन्तरिम संविधान १३ पटक संशोधन भएको इतिहास हाम्रै सामु रहेको छ । अन्तरिम भन्ने वित्तिकै छोटो अवधिका लागि हुन्छ, त्यही संविधान त १३ पटक संशोधन गरियो भने अहिलेको संविधान कार्यान्वयनमा गएपछि कार्यान्वयनमा देखिएका अवरोधहरू हटाउनका लागि संविधान संशोधन हुन्छ र अहिले त्यो प्रक्रिया समेत अघि बढेको छ । मधेसवादी दलहरूले उठाएका केही मुद्दाहरू जायज रहेका छन् । ठूला भनिएका दलहरू कांग्रेस, एमाले र एमाओवादी संविधान संशोधनका लागि तयार रहेका भएपनि मधेसवादी दलहरूले आफूहरूले भनेजस्तो गरी संविधान संशोधन नहुने ठहर गर्दै आन्दोलनको हठ त्याग्न सकिरहेका छैनन् । भारतले समेत उनीहरूलाई सहयोग र समर्थन दिइरहेको आभाष पहिला नै पाइसकिएको भएपनि अहिले उसले केही नरम भएको व्यवहार देखाउन थालेपनि अहिलेकै अवस्थामा भारतको व्यवहारलाई पत्याइहाल्नु मूर्खता हुनसक्छ । मधेसवादी दलहरूले केही नाकामा बसेर सवारी साधनहरू नेपाल प्रवेश गर्न अवरोध पुऱ्याए पनि केही नाकाहरूमा आन्दोलन नै छैन, तर त्यहाँबाट इन्धनलगायतका अन्य सवारी साधनहरू आवातजावतमा स्वयं भारतले अवरोध पुऱ्याइरहनु त्यसको प्रत्यक्ष प्रमाण हो । पछिल्लो समयमा भारतीय विदेश मन्त्रालयले नै कुन नाकाबाट कति सवारी साधन नेपाल पठाउने र कुन–कुन सामान जान दिने भनि निर्णय गर्दै आएको छ । नेपाल–भारतको रक्सौल नाकाबाहेक अन्य नाकाहरूमा अवरोध नभए पनि अन्य नाकाहरूबाट पनि इन्धन, ग्यासलगायतका अत्यावश्यक सामानहरू नेपाल प्रवेशमा स्वयं भारतीय विदेश मन्त्रालयले नै अवरोध पुऱ्याउनुले प्रमाणित हुन्छ, उ नेपाल र नेपाली जनतालाई झुक्याउन चाहान्छ । अर्थात उ नेपाली जनतालाई अहिले पनि आफ्नो नियन्त्रणमा राख्न चाहान्छ । भारतीय विदेश मन्त्रालय र भारतीय भन्सारले अवरोध नभएका नाकाहरूबाट नेपाललाई तत्काल सहजरूपमा समानहरू प्रवेश गर्न दिने भन्ने निर्देशन नदिएकै कारण अन्य नाकाहरूबाट समेत प्रर्याप्त मात्रामा सामानहरू आउन सकेको छैन । भारतले विश्वलाई देखाउनका लागि केही नाकाहरूबाट नगन्य मात्रामा सवारी साधानहरू नेपाल प्रवेश गर्न दिएर आफूले नाकाबन्दी नलगाएको र नेपालीहरूबाटै सीमा नाकामा अवरोध सिर्जना भएको प्रचार गरिररहेको छ ।

नेपालको संविधानले सबै पक्षलाई समेटेको छ । महिला, मधेसी दलित, पिछडिएको समुदाय, आदिबासी, जानजातिहरूलाई आरक्षणको व्यवस्था गरिएको छ भने महिलालाई ३३ प्रतिशत आरक्षण र आदिबासी, जनजातिहरूलाई ४८ प्रतिशत आरक्षणको व्यवस्था गरिएको हुनाले मधेसीलगायत अन्यलाई संविधानले केही दिएन भन्नु भ्रमको खेती गर्नुबाहेक अन्य केही हुनसक्दैन । मधेसवादी दलहरूले उठाएको अर्को मुद्दा हो, वैवाहिक महिलालाई नागरिकता दिँइदैन भन्ने प्रश्न उठाउनु हत्केलाले घामलाई छेकेँ भन्नु सहर मात्र हो । नेपालको संविधान २०७२ जारी भएपश्चात नेपाली नागरिकसँग विवाह गरेर नेपाल आएका विदेशी महिलाहरूले विभिन्न जिल्लामा गरेर झण्डै एक हजारले अंगीकृत नागरिकता लिएका छन् । आन्दोलन भइरहेको जिल्ला पर्साबाटै ५० जनाले वैवाहिक सम्बन्ध भएको भन्दै अंगीकृत नागरिकता लिएको अवस्थामा विवाह गरेर नेपाल आएका महिलालाई नेपाली नगारिकता लिनबाट वञ्चित गरियो भन्नु सरासर झूठ हो । भारतले नेपालले आफ्नो संविधान जारी गर्दा आफ्नो परामर्श नलिएको भन्दै नेपालको संविधानप्रति चिसो व्यवहार देखाएर तीन महिनादेखि अघोषित नाकाबन्दी लगाएर नेपाल र नेपाली जनताको हुर्मत लिने कार्य गरेको छ । नाकाबन्दीकै कारण भारतीय बहुराष्ट्रिय कम्पनीहरूद्वारा नेपालमा सञ्चालन भएका उद्योगहरू अहिले संकटमा परेपछि उसले संविधान संशोधनको प्रक्रियालाई स्वागत गर्दै जतिसक्दो छिटो संविधान संशोधन गर्न आग्रह गरेपछि स्वयं भारतले सेफल्यान्डिङको मार्ग अपनाउन खोजेको जस्तो देखिएको छ । त्यसैक्रममा भारतीय राजदूत रन्जित रेले नेपालका नेताहरूसँग भेटघाटलाई तिब्रता दिएका छन् । हालै उनले सभामुख ओनसरी घर्तीमगरलाई भेटेर संविधान संशोधनको विधेयक पारित गर्ने प्रक्रिया र विधिका बारेमा चासो व्यक्त गरेका छन् । सरकारले मधेसवादी दलहरूले उठाएका मुद्दाका बारेमा संशोधन प्रस्ताव संसदमा दर्ता गरेएपछि राजदूत रेले कस्तो प्रक्रिया र विधिबाट संविधान संशोधन हुन्छ भनेर चासो व्यक्त गर्नुले पनि प्रमाणित हुन्छ, भारतले अघोषित रूपमा नाकाबन्दी लगाएको स्वीकार गरेको छ । मधेसवादी दलहरू नेपाली जनताकै दलहरू भएका हुनाले उनीहरूले उठाएका जायज मागहरू पुरा गर्नु पर्ने आवज नेपालका राजनीतिक दलहरू र नेपाली जनताले नै उठाएका हुनाले जायज मागहरू पुरा गर्न ठूला दल र सरकार पछि हट्नु हुँदैन । विदेशीहरूको दबाबमा हाम्रा मागहरू पुरा गऱ्यो भनेर मधेसवादी दलहरूलाई बोल्ने ठाउँ नदिनका लागि पनि ठूला दल र सरकारले अवाश्यकता अनुसार संविधान संशोधन गरेर जायज मागहरू पुरा गर्न अब पछि हट्नु हुँदैन । सरकार र ठूला दलहरूले पुरा हुन सक्ने मागहरू पुरा गरेर पुरा हुन नसक्ने मागहरू पुरा गर्न नसकिने प्रष्ठ शब्दमा बोल्न सक्नु पर्छ । मुलुकको स्वाधीनता, राष्ट्रिय अखण्डता र राष्ट्रियतामाथि आँच पुग्न सक्ने मागहरू कहिल्यै पुरा हुन सक्दैनन् । ठूला दलहरू र सरकारलाई समेत यी विषयहरूमा निर्णय गर्ने अधिकार छैन । आफ्नो अधिकार क्षेत्रभित्र रहेरमात्र उनीहरूले जायज मागहरू पुरा गर्नुपर्छ ।

तीन महिनाभन्दा बढीदेखि मधेसमा आन्दोलन गरिरहेको संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले सरकारले अघि बढाएको तीन बुँदे प्रस्ताव अमूर्त, अस्पष्ट र दृष्टिकोणबिहीन भएको ठहर गर्दै आन्दोलन जारी राख्ने निर्णय गरेको छ । मधेसी मोर्चाले भने झैँ झापादेखि कैलालीसम्मका जिल्लालाई जोडेर एउटा प्रदेश बनाउनु किमार्थ उचित हुँदैन । पहिला नै प्रस्तुत भएको सात प्रदेशका बारेमा विवाद आएको खण्डमा अब कुन प्रदेशमा त्यहाँका जनता बस्न चाहान्छन्, त्यसको निर्णय गर्ने अधिकार स्वयं जनतालाई नै दिएको खण्डमा समस्याको समाधान हुन सक्छ । वीरगञ्जमा बसोबास गर्ने जनताले झापा माग्नु कहाँको उचित माग हो । यदि त्यसरी माग्दा पाइने भए ताप्लेजुङका जनताले काठमडौं किन नमाग्ने ? सीमाकंनका बारेमा समेत विवाद उत्पन्न भएको हुनाले अब सरकारले विज्ञ समूहको एक आयोग नै बनाएर त्यही आयोगले दिने सिफारिसका आधारमा प्रदेशहरूको सीमाकंन गर्नु उचित हुन्छ । तर आयोगमा बस्ने व्यक्तिहरू कनै दल विशेषका हुनुहुँदैन । जबकी उनीहरूले निष्पक्ष र निर्भिक भएर प्रदेशको सीमाकंनको निर्णय दिन सकुन् । आयोग बनाउनुभन्दा पहिला मधेसवादी दललगायत सबै दलले आयोगले दिएको सिफारिसलाई स्वीकार गर्ने प्रतिवद्धता जनाउनु अवाश्यक छ । यसरी सीमाकंनको विवाद अन्त्य गर्नु सकिने अवस्था हुँदा हुँदै हिउँदको चिसोमा जनतालाई कठ्यांग्रिन बाध्य पारिनु मधेसवादी दलहरूको हितमा समेत हुन सक्दैन । भारतले लगाएको अघोषित नाकाबन्दीले काठमाडौं उपत्यकाका बासिँदा मात्र पीडित नभएर मधेसमा बसोबास गर्ने जनतासमेत पीडित भएका छन् । मधेसमै बसोबास गर्ने मधेसी समुदायकै व्यक्तिहरूको चुल्हो बल्न छाडेका समाचारहरू प्रकाशित हुँदै आएका हुनाले मधेसी दलहरूले अब आ–आफ्नो पार्टीको साख जोगाउनका लागि भएपनि नाकामा आन्दोलन छोडेर संसदमै आन्दोलन गर्नु उपयुक्त  हुन्छ । आफ्ना मागहरू पुरा गराउने विभिन्न उपायहरू रहेका छन् । अहिले आन्दोलनमा रहेका मधेसवादी दलका शीर्ष नेताहरूले साच्चिकै जनताको हति र अधिकार चाहेका हुन भने व्यवस्थापिका संसदभित्रै किन आमरण अनसशन नबस्ने  ? जनतालाई भोगभोकै मार्नुभन्दा १०/१५ जना नेताहरू आमरण अनशनमा बस्नु उचित मार्ग होइन र ?

सरकारले मधेसी मोर्चालाई बुझाएको मन्त्रिपरिषद्को निर्णयमा सामानुपातिक, समावेशिता, प्रत्येक जिल्लामा एक निर्वाचन क्षेत्र कायम रहनेगरी बाँकी जनसंख्याका आधारमा निर्धारण गर्ने र प्रदेशको सीमांकन राजनीतिक सहमति मार्फत् तीन महिनाभित्रमा टुंग्याउने रहेका छन् । मधेसवादी दलहरूले उठाएका मुद्दाहरू मन्त्रिपरिषद्को बैठकबाटै निर्णय भइसकेको र संविधान समेत त्यसैअनुरूप संशोधन हुने भएपछि अब मधेसवादी दलहरूले आन्दोलन गरिराख्नु पर्ने आवश्यकता देखिँदैन । तर, मधेसवादी दलरूले सरकारको उक्त निर्णय स्वीकार गर्न सकिरहेका छैनन् । त्यसको एउटै कारण हुनसक्छ, केपी ओली नेतृत्वको सरकारको विघटन । पछिल्लो  समयमा नेपाली कांग्रेस र मधेसवादी दलहरूको सम्बन्ध नजिकिएको छ । कांग्रेस संसदमा प्रमुख प्रतिपक्षी दल रहेको र उसले मधेसवादी दलहरूको साहरा लिएर सत्ता हत्याउने प्रयासमा लागेको आभाससम्म पाउन थालिएको हुनाले कतै अबको केही महिना/दिनभित्रै ओली सरकार विघठन हुन्छ कि भने आशंका  समेत जन्मिएको छ । ओली सरकारले हालसम्म जनताको लागि उल्लेखनीय काम गर्न नसकेपनि नेपाल र नेपाली जनताको अहित हुने काम कारबही गरेको छैन । भारतले लगाएको अघोषित नाकाबन्दी पनि उपहार स्वरूप ओली सरकारले पाएको हो, नाकाबन्दी कांग्रेस नेतृत्वकै सरकारको पालमा लागेको थियो । कांग्रेस, मधेसवादी दलहरूलाई च्याँखे थापेर एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल कतै प्रधानमन्त्री हुन खोजेका त होइनन् ?

*devendrachudal@gmail.com*

# विवेक शाह र रमेशनाथ पाण्डेको जुहारी


राजन कार्की

यतिखेर रमेशनाथ पाण्डे मेरो फेसबुक ह्याक भयो भनेर हाहाकार गरिरहेका छन् । पूर्वमन्त्रीको फेसबुक ह्याक भयो कि ह्याक गराइयो, यसबारे बढी जानकारी पाण्डेलाई नै थाहा होला । तर उनी जहिले पनि आफूलाई चर्चामा राखिराख्न चाहने व्यक्ति भएकाले उनको यो नयाँ नाटक पनि रमाइलै भएको छ गाईजात्रे राजनीतिमा ।

मुद्दा हो विवेक शाहले देखेको दरवार र रमेशनाथ पाण्डेले लेखेको दरवारको बयानबाजीको । २०५८ साल जेठ १९ गते राति दरवार हत्याकाण्ड भयो, कोतपर्वभन्दा जघन्य यो काण्डले नेपाली समाजमा तरङ्ग उठाइरहन्छ । तत्कालीन एडीसी विवेक शाहले मैले देखेको दरवार पुस्तक लेख । तत्कालीन मन्त्री रमेशनाथ पाण्डेले कूटनीति र राजनीति पुस्तक लेखेर फेरि त्यो हत्याकाण्डको घाउलाई ताजा गरिदिएका छन् । यी दुबैको आत्मगाथामा एकदोस्राप्रति आरोप प्रत्यारोपलाई पुस्तकमा स्थान दिएर दुबैको इमान्दारिता र नैतिकतामा प्रश्नचिन्ह खडा भएको छ ।

दरवार हत्याकाण्ड आज पनि एक रहस्य नै हो । गिरिजाप्रसाद कोइराला ग्र्याण्डडिजाइन मलाई थाहा छ भन्थे, उनको देहान्त भयो, उनलाई थाहा भउको ग्र्याण्ड डिजाइन पनि उनीसँगै खरानी भयो । २०६५ सालमा प्रधानमन्त्री बनेका प्रचण्डले दरवार हत्याकाण्डको रौंचिरा अनुसन्धान गराउँछु भनेर जनतालाई आश्वस्त पारे । उनी प्रधानमन्त्री हुँदा गणतन्त्र कार्यान्वयन भइसकेको थियो र मेजर पार्टीको प्रधानमन्त्री बनेकाले उनलाई सरकार ढल्ने राजनीतिक चुनौति पनि थिएन । संविधानमा बाँधिएको सेनाले संविधानप्रति जिम्मेवार रहेको पटक पटक बताइसकेको थियो । तथापि नेपाली सेनालाई लडाकु कमाण्डर बनाउने निर्णय गर्न पुगेका तत्कालीन प्रधानमन्त्री प्रचण्डले नेपाली सेनाका लेफ्टिनेन्ट जर्नेल कूलबहादुर खड्कालाई प्रधानसेनापति बनाउने निर्णय गर्न पुगे । कार्यकारी सरकारको त्यो निर्णयलाई एकाएक राष्ट्रपति डा.रामवरण यादवले निरस्त्र पारिदिए । निरस्त्र नपारेको भए तत्कालीन प्रधानसेनापति रूकमांगद कटवालले बिद्रोह गर्ने संकेत दिइसकेका थिए । जेहोस्, नेपाली सेनाका ले.जनरल कूलबहादुर खड्का जनयुद्धकारीसँगको कार्यगत एकताका सदस्य थिए भन्ने पोल खुल्यो । तथापि उनलाई दण्डित गरिएन र सम्मानजनक रूपमा सेवानिवृत्त भएर मौन जीवन बिताइरहेका छन् । यो उनका लागि आममाफीभन्दा कम होइन । नैतिक बन्न पदबाट राजीनामा दिएका प्रचण्डले त्यसपछि आजसम्म दरवार हत्याकाण्डबारे बोलेका छैनन्, न त छानबिन गर्न माग नै गरे । यद्यपि व्यक्तिगत रूपमा उनको साख र जनयुद्धकारी कल्कीहरू धरासायी भए पनि उनको हैसियत सत्ता करिडरको किङपिनका रूपमा नै रही नै रहेको छ ।

प्रचण्डपछि माधवकुमार नेपाल, झलनाथ खनाल, डा.बाबुराम भट्टराई, प्रधानन्यायाधीश खिलराज रेग्मी, सुशील कोइराला र अहिले केपी ओली प्रधानमन्त्री भइसके । सुशील कोइरालाबाहेक सबै वामपन्थी सरकार हुन् । कसैले पनि दरवार हत्याकाण्डको अनुसन्धान गराउने चासो देखाएनन् । अरू त अरू एमालेका नेता मदन भण्डारी र जीवराज आश्रितको हत्याकाण्डबारेसमेत कसैले छानबिन गराएनन्, दरवार हत्याकाण्ड रहस्य बन्नु स्वभाविक हो । स्वर्गीय मदन भण्डारीकी पत्नी विद्या भण्डारी यतिखेर राष्ट्राध्यक्ष बनेकी छिन् । उनले आफ्नै पतिको रहस्यमय मृत्युको कारण जान्न खोजेकी देखिदैनन् भने दरवार हत्याकाण्ड उनका लागि त्यति संवेदनशील विषय नहुन पनि सक्छ ।

तर दरवार हत्याकाण्डबारे दरवार निकट रहेकाहरूवीच नै आरोप प्रत्यारोपको झटारो हान्नेक्रम शान्त भएको छैन । शंकाको चिसो यथावत छ, अनेक आशंका बढाउने खालका लिखित दस्तावेजहरू सार्वजनिक हुने क्रम पनि जारी नै छन् ।

पहिले मैले देखेको दरवार लेखे पूर्व सैनिक सचिव विवेककुमार शाहले । आफूलाई चोखो र इमान्दार देखाउन किताव लेखेलेखाएको दोष लगाउनेहरू धेरै निस्किए । दरवार हत्याकाण्डका दिन ड्यूटी भएका विवेक शाह स्वयं घटना हुँदा नयाँ बजारतिर रंगरमितामा भएको आरोप लागिसकेको हो उनीमाथि । किताव लेखेर आफूमाथिको सबै आरोप खण्डन गरेका विवेक शाहलाई कूटनीति र राजनीति पुस्तक लेखेर रमेशनाथ पाण्डेले कडा प्रहार गरिदिएका छन् । यी दुबै पुस्तक ठमेलको रेष्टुरेन्टको लोकदोहोरीजस्तो हुनपुग्यो ।

पुस्तक लेख्नुपर्छ, ताकि आउने पिँढीले ती पुस्तकबाट केही सिकुन् । अझ राजाका एडीसी र पटक पटक मन्त्री भइसकेका र आफूलाई स्वनामधन्य कूटनीतिक विज्ञ ठान्ने रमेशनाथ पाण्डेले लेखेको पुस्तकबाट राजनीतिक शासक, कर्मचारी प्रशासक, आउने पुस्ताले आफ्नो विवेकको स्तरलाई धारिलो र आत्मनिर्णयको क्षमतालाई बृद्धि गर्नसक्ने, आफूभित्रको तार्किकतालाई माझेर टल्काउन सक्ने घटनाविवेचनाका आधार दिनुपर्ने हो । यी दुबै पुस्तक आत्मप्रशंसा, आत्मप्रचार र आत्माभिमानको प्रदर्शनमात्र हुनपुगेको छ ।

कूटनीति र राजनीतिको पृष्ठ ४७२ देखि ७४ तर्फ हेर्दा 'नेपाली सेनाको अत्याधुनिक हतियार माओवादीलाई बेचेको' र 'युद्ध अर्थतन्त्रले दरबारको सैनिक सचिवालयलाई गाँजिसकेको थियो र कमिसन खाने र युद्ध भड्काउने पक्षको अग्रपंक्तिमा राजाका सैनिक सचिवालय थियो' उल्लेख छ । यसरी आरोप लगाएपछि पत्रकारले पूर्वसैनिक सचिव विवेक शाहलाई सोधे– तपाईं जनयुद्धमा माओवादीलाई हतियार बेच्नुहुन्थ्यो ? तपाई पनि माओवादीकै सूचनाअधिकारी भएको हो कि के हो ?

विवेक शाहको जवाफ यस्तो आयो– यो अप्रसंगिक कुरा हो (यो प्रसंगमा उनी निकै भक्कभकाएका थिए) । यो म नकार्छु । त्यो भए त आर्मीलाई जानकारी हुनुपर्ने, प्रहरीलाई जानकारी हुनुपर्ने । म कहाँबाट हतियार ल्याएर माओवादीलाई बेचुँ ? यो निकै घृणित आरोप हो । आर्मी र प्रहरीलाई चाहिएको हतियारबारे जानकारी आउनु स्वभाविक थियो । राजालाई नै आउँथ्यो । माओवादीलाई सहयोग गरेको भन्ने कुरा अनैतिक कुरा हो । कमिसन खाएको विषयमा तत्कालीन चिफहरू हुनुहुन्छ । उहाँहरूलाई सोधे पनि हुन्छ । यसरी विवेक शाह पानीमाथिको ओभानो बन्न रूचाए, आफूले आफैलाई टाँसिन लागेको धुलो टकटकाए । यद्यपि रमेशनाथ पाण्डेको पुस्तक कूटनीति र राजनीतिको पृष्ठ ३८९ मा, 'तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग आर्थिक लसपसमा रहेको राजाका सैनिक सचिव विवेक शाह' उल्लेख गरिएको छ । फेरि पत्रकारले सोधेका छन्– तत्कालीन प्रधानमन्त्रीसँग आर्थिक लसपस थियो कि थिएन ? हो कि होइन ?

विवेक शाहले भने– म अहिले होइन, टेलिभिजनबाट प्रष्ट पार्छु । अरू जर्नेलको गिरिजासँगको लसपस मतिर पन्छाएको हुनसक्छ, ती जर्नेलको नाम म भन्दिन । विवेक शाहले मैले देखेको दरवार त लेखे तर असलमा उनले दरवारमा के देखे ? त्यसको खुलासा नै गर्न सकेनन् । उनले दरवारभित्र देखेको लेख्नुपर्थ्यो, आफूलाई मात्र देखे, त्यही लेखे । बरू विवेक शाहले बालबालिकाले झैं किरिया खाए । मेरो गिरिजासँग कुनै प्रकारको आर्थिक लसपस भएको भए मेरो दरसन्तानको नास होस् । होइन भने मलाई आरोप लगाउने रमेशनाथ पाण्डेको दरसन्तानको नास होस् ।

विवेक शाहले देखेको दरवार र रमेशनाथ पाण्डेले लेखेको दरवारवीच बाझाबाझ छ । कुन सत्य र कुन झूठ हो, दुई लेखकवीच को सही हो, दूध र पानी छुट्याउन सकिन्न । दरवार हत्याकाण्डमा युवराज दीपेन्द्रकै संलग्नता छ भन्ने दावी विवेक शाहको छ । रमेशनाथ पाण्डेले शंकाको सुविधा लिएका छन् । दरवार हत्याकाण्ड अहिले पनि रहस्यको पेटारो बनिरहेको छ ।

विवेक शाह भन्छन् : साउदीका राजालाई उनकै भतिजाले मारे । इन्दिरा गान्धी र राजीव गान्धीको त्यस्तै क्रुर हत्या भएको छ । दरवार हत्याकाण्ड एउटा परिवारभित्रको हत्याकाण्ड हो । त्यतिबेला राजदरवारमा हतियार राख्ने चलन थियो । अनायास घटेको घटना हो त्यो । तर आफूलाई कूटनीतिक ज्ञाता मान्ने रमेशनाथ पाण्डे यो सब स्वीकार गर्न हिचकिचाउँछन् । उनीभित्र पनि शंका र आशंकाहरू देखिन्छन् । तर दुबैले पुस्तकमा दरवार हत्याकाण्डभन्दा बढी आफूलाई सक्षम, योग्य, होनहार साबित गर्ने प्रयास गरेका छन् ।

विवेक शाह के हुन् ? रमेशन नाथ पाण्डे को हुन् ? राजधानीको सचेत बर्गलाई बताउनै पर्दैन । सबैलाई कण्ठस्थ छ यिनको चरित्रगत व्यवहार ।

**मुद्दा हो विवेक शाहले देखेको दरवार र रमेशनाथ पाण्डेले लेखेको दरवारको बयानबाजीको । २०५८ साल जेठ १९ गते राति दरवार हत्याकाण्ड भयो, कोतपर्वभन्दा जघन्य यो काण्डले नेपाली समाजमा तरङ्ग उठाइरहन्छ । तत्कालीन एडीसी विवेक शाहले मैले देखेको दरवार पुस्तक लेख । तत्कालीन मन्त्री रमेशनाथ पाण्डेले कूटनीति र राजनीति पुस्तक लेखेर फेरि त्यो हत्याकाण्डको घाउलाई ताजा गरिदिएका छन् । यी दुबैको आत्मगाथामा एकदोस्राप्रति आरोप प्रत्यारोपलाई पुस्तकमा स्थान दिएर दुबैको इमान्दारिता र नैतिकतामा प्रश्नचिन्ह खडा भएको छ ।**

दुबै लेखकले आ–आफ्ना आत्मकथामाआफूलाई तत्कालीन राजनीतिको हिरोका रूपमा प्रस्तुत गरेका छन् । पुस्तकमात्र पढ्नेका लागि यी दुई लेखकभन्दा होनहार व्यक्तित्व अरू कोही रहेनछ नेपालमा भन्ने भ्रममा पर्नसक्छ । कूटनीति र राजनीतिको आद्योपान्त लेखनीको जरो भनेको रमेशनाथ पाण्डे कूटनीतिको चाणक्य शिद्ध गर्नु रहेको छ । रमेशनाथ पाण्डेको नजरमा उनी आफै हिरो हुन् र बाँकी सबै खलपात्र । खलपात्रका रूपमा विवेक शाहमात्र होइनन्, गिरिजाप्रसाद कोइराला पनि हुन् । र, अरू पनि अनेक खलपात्र देखेका छन् र लेखेका छन् रमेशनाथ पाण्डेले ।

तथापि गिरिजासँग आर्थिक लसपस भएको र जनयुद्धकारी, आतंककारी घोषणा भएको माओवादीलाई हतियार बेचेको आरोप गम्भीर आरोप हो । कोइरालाका कर्मले उनलाई राष्ट्रघातीको रूपमा कलंकित पारेको छ तर रमेशनाथ पाण्डेले लगाएको आरोपको कुनै दिन छानबिन भयो र प्रमाणित भयो भने विवेक शाह राष्ट्रद्रोहीका रूपमा अंकित हुनेछन् ।

दरवार हत्याकाण्ड इतिहासको त्यो क्रुर सत्य हो, जसको इतिबृतान्त जानकारी प्रत्येक नेपालीका लागि अति आवश्यक छ । तर त्यो जानकारी दिन कसले ? नैतिक दायित्व राज्यको होइन ?

दरवार हत्याकाण्ड के हो ? यसबारेमा संसारको सबैभन्दा काविल अनुसन्धानकर्ता स्कटल्याण्ड यार्डलाई अनुसन्धान गराउन सकिन्थ्यो । अमेरिकी एफवीआईलाई अझै गुहार्न सकिन्छ । निष्पक्ष जाँच हुनु अत्यावश्यक छ ।

सन २००७ मा पाकिस्तानकी नेतृ बेनजीर भुट्टोको हत्या भयो । उनलाई इस्लामिक रित अनुसार दफन पनि गरियो । जब जनताले आवाज उठाए, इस्लाम धर्मविपरित चिहान खोतलेर उनको लाश झिकियो र छानबिन गरियो ।

हाम्रो राजदरवार अझै छ । खोज्ने हो भने हत्याकाण्डका प्रमाणहरू भेटिन सक्छन् । हत्याकाण्ड हुँदा उपस्थित रहेकाहरू केही अझै जिवितै छन् । राज्यले किन छानबिन नगर्ने ?

विश्वमा बेलायतका ज्याक एण्ड राइपर, दी जोडज्याक, एन्ड्रु एण्ड अभिबोर्डन, अमेरिकाका ब्ल्याक डालिया, ६ वर्षीया बालिका जोन बेनेट रामसे, इटलीका न्यू अरलेन्स, सिरियल किलर ज्याक दी स्टाइपर, अमेरिकाकी ७ वर्षीया बालिका ओस्कार रामियो र स्वीडिस प्रधानमन्त्री पामेको मृत्युको रहस्य आजसम्म पनि रहस्य नै रहेको छ ।

दरवार हत्याकाण्डबारे कसैलाई चासो नहुने हो भने नेपालको दरवार हत्याकाण्ड विश्वका ती १० हत्याकाण्डजस्तै रहस्यकै चर्चामा सिमित हुनेछ । विवेक शाह र रमेशनाथ पाण्डेहरूको आरोप वा सफाईको कुनै अर्थ रहनेछैन ।

# बढ्दै अवैध हुन्डी कारोबार

वीरगन्ज । बजारमा भारतीय रूपैयाँ अभाव भएसँगै वीरगन्जका उद्योग व्यावसाय मात्र होइनन्, शिक्षा र स्वास्थ्यजस्ता अति आवश्यक सेवासमेत प्रभावित भएका छन् ।

भारतीय रूपैयाँ अभावसँगै सीमावर्ती क्षेत्रमा हुन्डीको अवैध कारोबार भने फस्टाएको छ । अभावका कारण हुन्डीमार्फत दैनिक २० देखि २५ करोड भारतीय रूपैयाँ कारोबार हुने गरेको सम्बद्ध व्यवसायीको भनाइ छ ।

वीरगन्ज उपमहानगरपालिका क्षेत्रभित्र मात्र करिब तीन दर्जन हुन्डी व्यवसायी छन् । ती व्यवसायीले भारतका विभिन्न स्थानमा १ लाख भारतीय रूपैयाँ उपलब्ध गराएबापत १० हजार नेपाली रूपैयाँसम्म कमिसन लिने गरेका छन् ।

सीमावर्ती क्षेत्रमा बस्ने नेपाली स्वास्थ्य उपचार, भ्रमण, तीर्थाटन र शिक्षा आर्जनलगायत दैनिक कार्यका लागि भारततर्फ जाने हुँदा उनीहरूलाई भारतीय रूपैयाँ आवश्यक पर्ने गर्छ ।

राष्ट्र बैंकले भारतमा उपचार गराउन जाने बिरामी र तीर्थयात्रीलगायतलाई आवश्यक कागजातका आधारमा न्यूनतम मात्रामा भारतीय रूपैयाँ उपलब्ध गराउँदै आएको छ । अरु वेला नागरिकताका आधारमा २ हजार ५ सय भारतीय रूपैयाँ उपलब्ध गराउँदै आएको छ, जुन रकम अत्यन्त न्यून हो । भारतीय रूपैयाँ अभावमा उनीहरुले हुन्डीमार्फत आवश्यकता पूरा गर्दै आएका छन् ।

राष्ट्र बैंकले उद्योगी व्यवसायीलाई नगद भारतीय रूपैयाँ नभई बैंक ड्राफ्टमार्फत मात्र उपलब्ध गराउँछ । वीरगन्ज उद्योग वाणिज्य संघ अध्यक्ष प्रदीप केडिया बैंकमार्फत मात्र नभई भारतीय पक्षसँग कतिपय व्यापार नगदमा पनि हुने गरेको बताउँछन् । त्यस्तो अवस्थामा व्यवसायीले हुन्डीमार्फत भारतीय पक्षलाई भुक्तानी दिनुपर्ने बाध्यता रहेको उनको भनाइ छ । भारतीय रूपैयाँ सटही सुविधा कठिन भएपछि भारतमा स्वास्थ्योपचार, तीर्थाटन र शिक्षाआर्जन गर्न जाने नेपालीले समस्या भोग्दै आएको वीरगन्ज उवासंघका पूर्वअध्यक्ष ओमप्रकाश सिकारियाले बताए ।

भारतीय रूपैयाँ अभावले उपभोक्ता, साना तथा मझौला व्यापार एवं व्यवसाय गर्ने प्रभावित भएका छन् । सीमावर्ती क्षेत्रमा देखिएको भारतीय रूपैयाँ अभावले सहज रूपमा व्यवसाय गर्न सक्ने वातावरण निर्माण हुन सकिरहेको छैन । विशेषगरी भारतीय सामानमा आधारित वीरगन्जको उद्योग व्यवसाय भारतीय रूपैयाँ अभावमा बढी प्रभावित भएको छ । भारतीय रूपैयाँ अभावसँगै भारतीय बजार रक्सौलका व्यापारीले आफूखुसी नेपाली रूपैयाँको अवमूल्यन गर्दै आएको नागरिक समाजका अगुवा अधिवक्ता पन्नालाल गुप्ता बताउँछन् ।

राष्ट्र बैंकले भारतीय १ सय रूपैयाँको विनियमय दर १ सय ६० नेपाली रूपैयाँ कायम गरेको भए पनि रक्सौलका व्यापारीले नेपाली उपभोक्ताबाट १ सय ६५ देखि १ सय ७० रूपैयाँसम्म असुल्ने गरेका छन् । रक्सौलमा नेपाली रूपैयाँको अवमूल्यनसँगै नेपाली र भारतीय उपभोक्ताका लागि बजार मूल्यसमेत फरकफरक तोक्ने गरेका छन् ।

सामान खरिद गर्दा नेपाली उपभोक्ताबाट नेपाली रूपैयाँ लिए त्यसको विनिमय दर ती व्यापारीले आफैं तोक्ने गर्छन् । एउटै पसलमा उही वस्तुको फरक–फरक मूल्य नेपाली उपभोक्ताले तिर्नु परिरहेको छ । भारतीय रूपैयाँ अभावमा नेपाली उपभोक्ताले भारतीय व्यापारीले तोकेको विनिमय दरमै नेपाली रूपैयाँ दिनुपर्ने बाध्यता छ ।

कतिपयले भारतीय रूपैयाँ जम्मा गरेर बढी मूल्यमा बेचेर लाखौं रूपैयाँ कमाउने गरेका छन् । अर्कोतिर भारतीय रूपैयाँ सटही गर्ने अनुमति पाएका सटही काउन्टरले समेत भारतीय रूपैयाँ सटही गर्दा उपभोक्ताबाट १ सय रूपैयाँमा ५ रूपैयाँभन्दा बढी कमिसन लिने गरेका छन् ।

# Machiavellian Neighbour Back to Talkshawk

APPARENTLY the scheme of Pakistan-India dialogue has undergone a structural change. National Security Advisers (NSA) shall handle terrorism related matters and erstwhile 'Composite Dialogue' under the new brand name of 'Comprehensive Dialogue' shall continue to be the responsibility of two foreign offices. Now Pakistan has a fulltime NSA, may be in due course he would have his independent secretariat as well. Earlier, Pakistan had handed over three dossiers to the United Nations Secretary General in October outlining Indian pursuits of financing and facilitating terrorist activities in Pakistan. Hopefully Pakistan's NSA would make that as a reference document while dealing with his Indian counterpart, both NSA are ex-generals one of army and the other of police. Their background knowledge and expertise pertaining to handling of counter terrorism activities should come handy while tackling the sticky assignment.

Pakistan does not mind a change of brand name from composite dialogue to comprehensive dialogue provide the spirit of talking everything simultaneously and making equitable and simultaneous progress in all eight plus sectors is ensured. India needs to prudently manage its huge domestic political baggage, which it has gathered by overplaying the issue of terrorism, and move on to other issues falling in the ambit of the comprehensive dialogue so that the process moves out of vicious zero sum encapsulation. As Pakistan and India gear up to resume talks, Indian side is striving to wriggle out of the albatross that it grew out of its fictional and unsustainable anti-Pakistan rhetoric. Sway in the recent statements by Indian external affairs Minister Sushma Swaraj reflect the uncanny situation in which India is entrapped. Minister is striving to make believe Indian publicand parliamentarians that India is only talking to Pakistan on terrorism and matters related to terrorism. While responding to a related query during weekly briefing on December 17, the spokesperson of Pakistan's foreign office said: "All the elements that were part of the Composite Dialogue are included in the Comprehensive Bilateral Dialogue. What is important is to have a dialogue between the two countries, which is uninterrupted and result-oriented…You must attach significance to the fact that the statement issued on December 09, 2015 was a Joint Statement".

Shushma stated in the lower house of Indian parliament: "War is not an option…dialogue with Pakistan is the only way to remove "the shadow of terrorism". Her comments came days after she had told the upper house of parliament that the Modi administration intended to have an 'uninterrupted' dialogue process with Pakistan; there is no third party, and through talks, both countries are trying to resolve the issue of terrorism.

The joint statement of December 09 had said that all issues, including Kashmir, Sir Creek, terrorism and anti-narcotic efforts, will be discussed in the comprehensive dialogue. Both sides, accordingly, agreed to a comprehensive bilateral dialogue and directed the foreign secretaries to work out the modalities and schedule of the meetings under dialogue including peace and security, CBMs, Jammu & Kashmir, Siachen, Sir Creek, Wullar Barrage/Tulbul Navigation Project, economic and commercial cooperation, counter terrorism, narcotics control and humanitarian issues, people to people exchanges and religious tourism. When questioned by Ganesh Singh, a BJP law maker, whether India was exploring options similar to the way US forces had mounted a raid in Abbottabad against Osama bin Laden, Sushma cautioned that "war is not an option", rather they were talking to Pakistan on addressing alleged terror camps in Azad Kashmir. However, she warned that the talks will not be immune to provocations from 'saboteurs'. "But we want to make it clear, our prime minister has made it clear, that talks and terror can't go together…Dialogue is drowned by the sound of explosion", she said.

Pakistan's National Security Adviser Nasir Janjua termed the meeting held between Pakistani and Indian delegations led by respective NSAs a 'new beginning.' In an interview to Indian newspaper, Janjua suggested to both countries to reduce tensions by forgetting the past events and to move forward with new hope and dedication. He said that the conflicts had to be resolved by the present governments instead of leaving it for future generations.

Earlier Shushma had said:"We said we can talk so that terrorism comes to an end. So talks between NSAs took place in Bangkok where we discussed about terrorism. But one meeting will not bring a solution to all the problem. So we will continue the dialogue." She went on to state that duringher recent visit to Pakistan the two sides decided that the NSAs will continue to address all issues connected to terrorism.Indian is articulating that dialogue will move forward as Pakistan helps in the trial of those accused of involvement in Mumbai terror attack of 2008.India has succeeded in turning David Headley as an approver, he has been pardoned by the trial court. Now, India would accrue statements form him aimed at incriminating Pakistan to ratchet up pressure.

Indian objectives out of the dialogue process may be to keep the incremental pressure on Pakistan with regard to Mumbai attacks and pursue a transit trade route to Afghanistan and beyond. However it has not offered anything in return not even expeditious disposal of Samjhota Express bombing. Anti-minority rhetoric on account of cow slaughtering did not attract favourable feedback within and outside India. Pakistan bashing has not brought political dividends, and during the electoral process, state after state has rejected Modi and his erratic trajectories. While Prime Minister Modi's image in South Asia has been on the decline because of his highhandedness towards Nepal, Sri Lanka and the Maldives. India may be pinning hopes that a façade of thaw with Pakistan would mitigate the tailspin. Indian civil society's reaction to extremist policies by BJP's militant wing RSS has compelled political faction of BJP to redo its domestic and regional approach through tactical adjustments.

As Pakistan seeks to explore the dividends of peace with its Machiavellian neighbour, it should not lower its guard; it ought to follow a sound and viable quid pro quo approach. One must be mindful that many similar thaws have come and gone by without bringing any enduring positive change. While engaging India, Pakistan is known for unprofessional negotiation skills—showing all its cars on the outset and offering strategic concessions without accruing anything in return. There is need to watch out for Musharraf syndrome and Ufa fiasco. India appears to be trading nothing for concrete actions by Pakistan.

For the past one-and-a-half years, India had pursued a deliberate policy aimed at sabotaging bilateral dialogue with Pakistan. India has a tendency to treat even cultural and sports exchanges as a concession to Pakistan for which Pakistan must cede some strategic space; the fate of ICCI underwritten cricket series and the way India manoeuvred to scuttle it is reflective of prevailing Indian mind-set.

***By : Khan***



# नाकाबन्दी: वास्तविकता र भ्रम

*मदन लम्साल*

मधेश आन्दोलनका बहानामा देशमा आपूर्ति व्यवस्थापन बिग्रिएको २ महीना नाघिसकेको छ । यसले नेपाल सरकारको व्यवस्थापन क्षमता, नेपालका राजनीतिक दलहरुको सोच, कार्यक्षमता, शैली र कूटनीति आदि कुरामा अदूरदर्शिता र दरिद्रता पुनः प्रमाणित भएको छ । तर, मुख्य प्रश्नहरु जहाँको त्यही छन् । ती प्रश्न जस्तै किन एकाएक बिग्रियो नेपाल भारतको सम्बन्ध ? नेपालसँग भारतले के चाहन्छ ? के मधेशी दलहरुको माग र भारतको चाहना एउटै हो ? के मधेशी दलहरुको पडकमा छन् आन्दोलनरत मधेशका जनता ? के चीन वा अन्य देशबाट नेपालको आपूर्ति व्यवस्थापनमा सहजता ल्याउन सकिन्छ ? यी र यस्ता थुप्रै प्रश्नको उत्तर त्यति सजिलो छैन । तर, अहिले भइरहेका विभिन्न गतिविधिको अध्ययन गर्दा केही उत्तर भने पाउन सकिन्छ ।

भारत के चाहन्छ ?

भारतले नेपालबाट के चाहिरहेको हो भन्ने बुझ्न गाह्रो छ । किनकि उनीहरुले सार्वजनिक रुपमा कुनै पनि कुरा स्पष्ट गरेका छैनन् । भारतीय अधिकारीलगायत नेपालका लागि भारतीय राजदूत रणजित रायसँग नजिक ठानिएका नेपाली अधिकारी र व्यवसायीहरुले पनि पटकपटक यो प्रश्न सोध्दा कसैबाट खास उत्तर आउन नसकेको बताउँछन् । गतहप्ता (शुक्रवार) भारतीय राजदूतावासमा नेपालका करीब ३० ठूला व्यवसायीसँग भएको एउटा भेटमा पनि राजदूत रायले भारतको चाहना के हो भनेर खुलाएनन् । बरु सधैंझैं भारतको चाहना शान्त र समृद्ध नेपाल हो भनिरहे । भेट सकिएपछि केही ठूला व्यवसायीले साङ्ग्रिला होटलमा बसेर छलफल गर्दा 'भारतले आफ्नो कुरा नेपालसँग स्पष्ट रुपमा भनिदिए बरु त्यसका लागि हामी लबिङ गर्न पनि तयार छौं' भन्ने निष्कर्ष निकालेका थिए ।

सबै घटनाक्रमलाई परिप्रेक्ष्यमा राखेर सरसर्ती हेर्दा भारतको नेपालमा मुख्य दुई तीन कुरामा सरोकार रहेको बुझिन्छ । अहिलेको मुख्य सरोकार नेपालको संविधानप्रति असन्तोष नै हो । विगतमा बनेका सबै संविधानमा कुनै न कुनै रुपमा भारतको भूमिका रहेको थियो । यो संविधान बन्दा अचानक भारतलाई भूमिकाविहीन बनाउँदा 'ठूल्दाजु'को हैसियतले उसलाई चित्त नबुझ्नु शायद स्वाभाविक नै हो । नेपालमा क्रिश्चियनहरुको धेरै नै चलखेल भइरहेको थाहा पाएको भारतले (भाजपा सरकारले) नेपाल पुरानो संविधानमा भएजस्तै हिन्दूराष्ट्र नै भन्ने चाहेको थियो । तर, त्योभन्दा पनि मधेशी मोर्चाले माग गरेजस्तै नयाँ संविधानमा जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र हुने व्यवस्था र तराईमा दुईभन्दा बढी प्रदेश नबनाउने चाहना रहेको देखिन्छ ।

भारतको दीर्घकालीन स्वार्थ भनेको नेपालबाट बग्ने पानी नै हो, जुन उसको विहारको भूमिलाई सिँचाइ गर्न, खानेपानी आपूर्ति गर्न काम लाग्छ । वर्षामा त्यही पानीले विहारमा विपत्ति ल्याउने भएकाले बाढी नियन्त्रण गर्न पनि उसलाई नेपालको पानीमाथि नियन्त्रण चाहिन्छ । त्यसबाहेक भारतको चिन्ता भनेको उसको सुरक्षा नै हो । बेलाबखतमा बङ्गलादेशी र पाकिस्तानीहरुले नेपाली पासपोर्ट बोकेर हिँडिरहेका थुप्रै घटना सार्वजनिक भइरहेको सन्दर्भमा उसको यो चासो स्वाभाविक पनि देखिन्छ । तर, नेपालको भूभागबाट हुनसक्ने आतङ्कवादीलगायत गतिविधि नियन्त्रण गर्नसक्ने पूर्वतयारी र क्षमता दुवै भारतसँग रहेको तर्क गर्छन् विज्ञहरु । अझ नेपालले अरु देशबाट आयात गरेको सुन, चाँदी, सुपारी र कहिलेकाहीँ अदुवा, लसुनसमेतको भारततर्फ हुने तस्करी पनि उसको टाउको दुखाइको विषय रहेको छ । अहिले यी सामानहरुको तस्करीमा नेपालीलगायत भारतीय व्यापारीहरुको समेत संलग्नता रहने गरेको देखिन्छ । गत आर्थिक वर्षमा मात्रै नेपालले झण्डै रु २४ अर्बबराबरको चाँदी आयात गरेको थियो । नेपालले चाँदीको हस्तकला करीब रु १ अर्बबराबरको मात्रै निर्यात गर्ने गर्छ । केही आन्तरिक खपतलाई छाडेर कुरा गर्दा झण्डै २० अर्बबराबरको चाँदी नेपालबाट भारततर्फ तस्करी हुने गरेको देखिन्छ ।

सुन र सुपारीको पनि त्यस्तै किसिमको स्थिति छ । नेपालले जम्मा ११५ लाख किलो सुपारी उत्पादन गर्छ र झण्डै ८०० लाख किलो आयात गर्छ । यसमध्ये झण्डै ३५० लाख किलो मात्र आधिकारिक रुपमा निर्यात हुन्छ । अवैध रुपमा त्यसको कैयौं गुणा बढी सुपारी भारततर्फ चोरी निकासी हुने गरेको छ ।

अर्को कुरा नेपालमा भएको वैदेशिक लगानीमा भारतीय लगानी मात्रै उल्लेखनीय रुपमा रहेको छ, अन्य मुलुकको तुलनामा । भारत सरकारले दशकौंदेखि नेपालका गाउँगाउँमा स्कूल, हेल्थ पोष्ट, बाटो, पुल आदि बनाउँदै आएको छ । त्यसबाहेक नेपाली सेना, पुलिसलगायत संस्थामा गर्ने लगानी पनि ठूलै हुने गरेको छ । अझ हरेक राजनीतिक दलका नेताको स्वास्थ्योपचार, चुनावताका गाडी तथा व्यक्तिगत सहयोग रकमको हिसाबकिताब त शायद कुनै नेपालीले आकलन नै गरेका छैनन् । यत्रो लगानी भए पनि भारतले चाहेअनुसार काम हुन सकेको छैन भन्ने भारतलाई लाग्न सक्छ । जस्तै, गतवर्ष भारतीय प्रम मोदीले नेपाल भ्रमण गरेका बेला उनले नेपाललाई अनुदान र सफ्ट लोन गरेर रु १ खर्ब दिने घोषणा गरेका थिए । यस्तै भूकम्पपछि पुनर्निर्माणका लागि पनि रु १ खर्बबराबरको रकम राहत र नेपालको पुनर्निर्माणका लागि दिने घोषणा गरेका थिए । यी दुवै सहयोग अन्य देशको तुलनामा सबैभन्दा धेरै हो । तर, नेपालले भारतको सो सहयोगलाई उपयोग गर्न सकेको छैन ।

चाइना कार्ड

जबजब नेपालले 'चाइना कार्ड' प्रयोग गर्न खोजेको छ ऊ नराम्ररीसँग चुकेकै छ । हिजो राजा वीरेन्द्रले 'चाइना कार्ड' प्रयोग गर्न खोज्दा उनको सत्ता नै कसरी जोखीममा पर्यो इतिहास ताजै छ ।

आफू पर्याप्त तयारी नगर्ने र भारतसँग कुनै समस्या शुरु हुनासाथ चाइनातर्फ फर्किएजस्तो गरेर घुर्की देखाइहाल्ने । नेपाली नेताहरुको यो पुरानै रोग हो । आफू सत्तामा जान वा टिक्न भारतको खुशामद गर्ने, फाइदा पनि लिने अनि आफू शक्तिमा पुगेपछि सबै कुरा बिर्सने । यो संविधान बन्नुअघि पनि प्रचण्ड र ओलीले भारत जाँदा छुट्टाछुट्टै रुपमा प्रतिबद्धता जनाएका थिए, जुन पूरा गरेनन् भन्ने भारतको गुनासो रहिआएको छ, अनौपचारिक रुपमा । तर, विगतमा भारतको सहयोगमा उपचार पाएर तन्दुरुस्त बनेका र भारतको विश्वासपात्र ठानिएका ओली एकाएक किन भारतविरुद्ध बोल्न थाले भन्नेचाहिँ बुझ्न सकिएको छैन ।

भन्न त प्रचण्ड र ओली दुवै भारतसित एकाएका बिच्कनुमा भारतीय विदेश सचिवले संविधान जारी हुनु २ दिनअघि नेपाल आएर गरेको रुष्ट र हेपाहा व्यवहार र भारतले भनेबमोजिम गर्न नसकिने देशको परिस्थिति नै कारण हो भनेर प्रचण्ड र ओली दुवैले भन्ने गरेका छन् । भारतसँग प्रचण्ड रिसाउनुमा चाहिँ विदेशसचिव जयशङ्करले भारतले भनेबमोजिम सहयोग नगरे सत्यनिरुपण आयोगलाई सक्रिय गराएर युद्धअपराधमा लागेकालाई कार्बाही गर्ने मुद्दा उठाउने भन्ने धम्की भन्ने विश्लेषण पनि छ । शायद, त्यै भएर पनि चाइना कार्ड अलि बढी नै जोडतोडका साथ यिनले उठाइरहेका हुन । तर, चाइना कार्ड 'क्रेडिट कार्ड' जस्तो मन लागेका बेला जहिले पनि प्रयोग गर्न सकिने होइन भन्ने बुझ्न यी दुई कम्युनिष्ट नेतालाई गाह्रो नपर्नु पर्ने हो । माओवादी द्वन्द्वकालमा चिनियाँ नेताहरुले नेपालका माओवादीहरुले कमरेड माओको नाम बदनाम गरे भन्ने गरेको सुनिएकै हो । यी सबै परिप्रेक्ष्यमा चाइना कार्ड प्रयोग गर्ने नेपाली कम्युनिष्ट नेताहरुलाई चीनले कति धेरै महत्व देला र भन्ने प्रश्न पनि उठ्छ ।

प्रचण्डले साइकल चढ्ने भने पनि, प्रम ओलीले चीनबाट आपूर्ति व्यवस्थापन मिलाउने गफ गरे पनि, न त्यसका लागि सरकारको खास तयारी नै छ र न त्यो व्यावहारिक छ । सबैभन्दा महत्वपूर्ण कुरा त चीनको पनि यसमा खास चासो देखिँदैन । चीनलाई बुख्याँचा बनाएर भारतलाई तर्साउनसम्म त काम लाग्ला । तर, यसले न अल्पकालीन न त दीर्घकालीन समस्या नै समाधान गर्ला । उदाहरणका लागि गत वैशाखमा भूकम्प गएपछि चीनले खासा (तातोपानी)बाट पचासौं किलोमिटरसम्मका पूरै मानवबस्ती सिगात्सेभन्दा पर स्थानान्तरण गरिसकेको छ । खासामा वेश्यावृत्ति बढेको र रणनीतिक रुपमा पनि नेपालबाहेक अरुलाई यो नाकाको खास आवश्यकता चीनले नदेखेको बुझ्न गाह्रो छैन । विज्ञहरु भन्छन्, 'नेपालको सङ्घीयता र अलगाववादी हावाले चिनियाँ जनतालाई प्रभाव नपारोस् भनेर पनि चीन सतर्क छ ।' त्यसैले भविष्यमा उसले यो नाकामा हिजोजस्तो चहलपहल होस् भन्ने चाहँदैन । सिगात्सेमा पनि सुरक्षा निकाय र केही भन्सार अधिकारीबाहेकको बस्ती कायम राख्न चीन अनिच्छुक रहेको जानकारहरु बताउँछन् । यसरी नेपाल सरकारले चीनसँग सातओटा नाका खोल्ने तयारी भनेर गफ चुटे पनि कुनै पनि नाका खोल्न चीन इच्छुक नरहेको जानकारहरु बताउँछन् । नेपाल, चीन उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजेश काजी श्रेष्ठ भन्छन्, 'चीनलाई नेपालसँगको व्यापारमा खासै चासो देखिँदैन ।' त्यसैले विनाकाममा वाणिज्य सचिवले चीनको नाका खोल्न सहयोग गरेन भनेर दोष देखाएर ओली सरकारले आफ्नै निकम्मापन प्रदर्शन गरिरहेको देखिन्छ ।

अर्को महत्वपूर्ण कुरा के हो भने चीनका लागि व्यापारिक दृष्टिकोणले पनि नेपालभन्दा भारत नै बढी प्राथमिकतामा पर्ने देश बन्दै गएको छ । भारतमा अहिले चिनियाँ उत्पादनहरुको बाहुल्यले पनि त्यही कुरा पुष्टि गर्छ । कूटनीतिक भाषामा नेपाललाई सहयोग गर्छु भने पनि चीनको सहयोग भारतले नेपाललाई गर्ने सहयोगको तुलनामा धेरै नगण्य रहेको छ । **(मधेस दर्पण)**


## नेपालको संविधानमा महिलाका अधिकार

**नेपालको संविधानमा महिलाका हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।**

- समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने । लैंगिक विभेद अन्त्य गर्ने ।
- आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने लगायतका नागरिकता सम्बन्धी विषय माथि नागरिकताको शीर्षक अन्तर्गत उल्लेख गरे बमोजिम हुने ।
- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- महिलालाई लैंगिक भेदभावविना समान वंशीय हक हुने ।महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक हुने ।
- महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने र त्यस्तो कार्य दण्डनीय हुने तथा पीडितले क्षतिपूर्ति पाउने ।
- राज्यका सबै निकायमा महिलाको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता रहने ।
- महिलाले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने ।
- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने ।
- सामाजिक रुपले पछाडि परेका महिला, समेतले समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउन सामाजिक न्यायको हक हुने ।
- आर्थिकरूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिलासमेतले सामाजिक सुरक्षा पाउने हक हुने ।
- मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्ने ।
- जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुन:स्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने ।
- प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने ।
- बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रुपमा मूल्यांकन गर्ने ।
- मुक्त कम्हलरी, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुन:स्थापना गर्ने ।
- आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- राज्यको संरचना गर्दा समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने ।
- राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुने ।
- प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीको लागि उम्मेदवारी दिंदा महिलालाई समेत समावेश गरी बन्दसूची तयार गर्ने ।
- संघीय संसद र प्रदेश सभामा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी सुनिश्चित गरिएको ।
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला निर्वाचित हुने र मनोनीत गर्दा कम्तीमा एक जना महिला समावेश गर्नु पर्ने ।
- प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एक जना र राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुने ।
- प्रदेश सभामुखवा प्रदेश उपसभामुख मध्ये एक जना महिला हुने ।
- गाउँ कार्यपालिका तथा नगर कार्यपालिकामा चार जना महिला सदस्य रहने ।
- जिल्ला समन्वय समितिमा कम्तीमा तीनजना महिला रहने ।
- गाउँपालिका र नगरपालिकाको प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेगरी गाउँसभा र नगरसभाको गठन हुने
- राष्ट्रिय महिला आयोग संवैधानिक निकायको रुपमा रहने र सोका अध्यक्षर सदस्यहरु महिला मात्र रहने ।
- राष्ट्रिय महिला आयोगले आवश्यकता अनुसार प्रदेशमा कार्यालय स्थापना गर्न सक्ने ।
- नेपाली सेनामा महिलाको समेतका प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- नेपाली राजदूत र विशेष प्रतिनिधिसमावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक निकाय र अन्य निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानून, न्याय तथा
संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग

# घरेलु हिंसाको निगरानी बढ्यो

*नेत्र पी. अधिकारी*

मोरङ । झन्डै एक वर्षअघि दादरबेरियाकी ३६ वर्षीया रेनु राजवंशीले श्रीमान्‌बाट अलग हुने निर्णय गरिन् । श्रीमान्‌ले दिनहुँजसो कुटपिट गर्न थालेपछि उनी घर छोडेर हिँडिन् । केही दिन माइतमा बसिन् । त्यसपछि उनलाई गाउँमा गठन गरेको निगरानी समूहले महिला संरक्षणगृहमा ल्यायो । संरक्षणगृहमा धेरै दिनको 'काउन्सिलिङ'पछि उनलाई जिल्ला प्रहरी कार्यालय मोरङमा लगियो । मोरङ प्रहरीमा रेनु पक्ष र उनका श्रीमान् मनोज राजवंशी पक्षका व्यक्तिलाई डाकियो । दुवै पक्षबीच लामो छलफल भयो । अन्ततः रेनु घर फर्कन राजी भइन् । घर फर्कने रेनुको निर्णयपछि उनका श्रीमान् प्रहरी कार्यालयमा डाको छोडेर रोए । उनले आफ्नो गल्ती भएको त्यतिबेलै स्वीकार गरे । अहिले रेनु–मनोजको परिवारमा मिलाप छ । दुवैजना मिलेर बसेका छन् । मनोज भन्छन्, 'मैले पहिले ठूलो गल्ती गरेछु, अब त्यस्तो हुँदैन ।'

मोरङ थलाहा– १ की ३५ वर्षीया सुष्मा विश्वासले सम्बन्धविच्छेद गर्ने निर्णय गरिन् । मदिरा सेवन गरेर उनका श्रीमान् सन्तोष विश्वासले दिनहुँजसो कुटपिट गर्न थालेपछि उनले सहन सकिनन् । त्यसपछि घर छोडेर माइत गइन् । माइतमै बसेर उनले सम्बन्धविच्छेदको मुद्दा हाल्ने तयारी गरिन् । गाउँमा महिलामाथि हुने गरेका हिंसा निगरानी गर्दै आएको निगरानी समूहका महिलाले उनलाई सम्बन्धविच्छेद गर्न दिएनन् । दुवै पक्षका व्यक्तिलाई प्रहरी कार्यालयमा झिकाएर छलफल चलाइयो । छलफलपछि श्रीमान् सन्तोषले गाउँभेलासामु आफूबाट गल्ती भएको स्वीकार गरे । सन्तोषले आइन्दा कुनै पनि प्रकारका हिंसा नगर्ने प्रतिबद्धता जनाज्यँएपछि सुष्मा घर फर्किन् । सुष्मा भन्छिन्, 'अहिले श्रीमान्‌ले गाली गर्न पनि छोड्नुभयो ।'

थलाहाकै ३३ वर्षीया आशा उरावलाई श्रीमान् स्वार्थी उरावले दाइजोलगायतका विभिन्न कारण देखाउँदै दिनहुँजसो कुटपिट गर्थे । मदिरा सेवन गरेर श्रीमान्‌ले पिट्ने गरे पनि उनले कसैलाई सुनाएकी थिइनन् । विवाह भएर आएदेखि नै श्रीमान्‌ले दाइजो किन नल्याएको भन्दै दैनिक कुटपिट गर्थे । एक दिन श्रीमान्‌ले पिटेर उनको हात नै भाँचिदिए । हात भाँचिएपछि बल्ल गाउँलेले थाहा पाए । त्यसपछि गाउँलेको सहयोगमा उनले निगरानी समूहमा आएर उजुरी गरिन् । निगरानी समूहले गाउँमा मुद्दा मिलाउने प्रत्यत्न गरे पनि सम्भव भएन । त्यसपछि प्रहरीचौकीमा छलफल भयो । छलफलपछि आशाका श्रीमान्‌ले गल्ती स्वीकार गरे । त्यसपछि श्रीमतीसँग दाइजोको कुरै गर्न छाडे । प्रहरीचौकीमा आएर मुद्दा मिलेदेखि श्रीमान्‌बाट कुनै यातना नपाएको उनले बताइन् । उनले भनिन्, 'निगरानी समूहले नयाँ जीवन दियो । परिवार पनि राम्रो भयो ।'

स्थानीयस्तरमा गठित निगरानी समूहले आफूहरूसमक्ष आएका उजुरी समाधान गर्न नसकेमा सम्बन्धित निकायमा सिफारिस गर्ने गरेको छ । कतिपय गम्भीर मुद्दामा राजनीतिक दलले दबाब दिने गरे पनि महिलाले विचलित नभईकन आफ्नो काम अघि बढाइरहेका छन् । दक्षिणी गाविस कदमहामा ससुराले बुहारीलाई जबर्जस्ती करणी गरेको उजुरी प्रहरी कार्यालयमा सिफारिस गरी कानुनी कारबाहीमा ल्याइएको निगरानी समूहकी अश्विनी मण्डलले बताइन् ।

नेपाल सरकारको महिला सशक्तीकरण नीतिअन्तर्गत गठित निगरानी समूहको प्रभावकारिता बढ्दै गएको महिला तथा बालबालिका कार्यालय मोरङकी प्रमुख महेश्वरी विष्टको भनाइ छ । महिला सशक्तीकरणका लागि सरकारलाई डीएफआईडीले सहयोग गरेको छ । मोरङसहित २९ जिल्लामा सञ्चालित कार्यक्रमले महिला हिंसा अन्त्यका लागि प्रत्यक्ष रूपमा सहयोग मिलेको प्रमुख विष्टको भनाइ छ । महिला तथा बालबालिका कार्यालय मोरङले महिला हिंसा बढी हुने गाविस छनोट गरी निगरानी समूहमार्फत मुद्दा मिलाउँदै आएको छ । पहिलो चरणमा दक्षिणवर्ती १० वटा गाविसमा निगरानी समूह गठन गरिएको हो । थलाहा, कदमहा, भाथिगछ, महादेवा, बुधनगर, दादरबेरिया, मझारे, बबियाबिर्ता, अमाहीवरियाती, सिसवनी जहदा गाविसका वडा–वडामा निगरानी समूह गठन गरिएको कार्यालयकी प्रमुख विष्टले जानकारी दिइन् । १० वटा गाविसमा ८० वटा निगरानी समूहले काम गरिरहेको उनको भनाइ छ ।

प्रमुख विष्टका अनुसार निगरानी समूहलाई आधारभूत कानुनी ज्ञान र अदालतमा हुने बहसबारे जिल्ला र पुनरावेदन अदालतमा लगेर प्रशिक्षण दिइएको छ । उनीहरूलाई समय–समयमा थप तालिम पनि दिने गरिएको हुन्छ । गएको आर्थिक वर्षदेखि निगरानी समूह गठन गरिएपछि हालसम्म चार सय ५७ वटा महिलामाथि हुने गरेका हिंसाका मुद्दा समाधान भएको महिला तथा बालबालिका कार्यालयको अभिलेखमा उल्लेख छ । निगरानी समूहले समाधान गर्न नसकेका ७६ वटा मुद्दा जिल्ला प्रहरी कार्यालय र अदालतमा पठाइएको छ ।

निगरानी समूह गठन गरेपछि जिल्ला अदालतसम्म आउने मुद्दाको सङ्ख्या बढ्दै गएको छ । गाउँघरमै दबिएर रहेका घटना बाहिर आउन थालेपछि महिला पीडित भएर बस्नुपर्ने बाध्यता हट्दै गएको छ । गत आर्थिक वर्षमा महिला तथा बालबालिका कार्यालयबाट आएका १० वटा मुद्दा अदालतमा चलिरहेको कानुनी सहायता समिति मोरङका अधिवक्ता राजुकिरण पौडेलले जानकारी दिए । मोरङको दक्षिणी गाविसबाट बढी महिलामाथि हुने गरेका हिंसाका घटना आउने गरेको उनको भनाइ छ । पौडेलका भनाइमा कानुनी सहायता केन्द्रमा मुद्दा लडिदिनका लागि सम्बन्धविच्छेद, बहुविवाह, बलात्कारको मुद्दा आउने गर्छन् । कानुनी सहायतासम्बन्धी ऐन २०५४ अनुसार वार्षिक ४० हजारभन्दा कम आम्दानी भएका पीडित व्यक्तिको मुद्दा निःशुल्क लड्ने व्यवस्था रहेको पौडेलले बताए ।

महिला हिंसा अन्त्यका लागि निगरानी समूहले गर्ने काममा बिस्तारै राजनीतिक दल र स्थानीय अधिकारकर्मीले पनि सघाउन थालेका छन् । निगरानी समूहले समाधान गर्न नसकेका घरेलु हिंसाका मुद्दा बालबालिका कार्यालयसम्म आउने गरेका छन् । बालबालिका कार्यालयले घरेलु हिंसाका घटनालाई महिला पुनर्स्थापना केन्द्र (ओरेक) मा सिफारिस गर्ने गरेको छ । ओरेकले संरक्षणगृहमा राखेर परामर्श दिने गरेको ओरेक विराटनगरकी प्रमुख विमला ढुङ्गाना बताउँछिन् ।

महिला बालबालिका कार्यालयबाट सिफारिस भएर आएका आठवटा घरेलु हिंसाका मुद्दा ओरेक कार्यालयले हेरेको ढुङ्गानाले बताइन् । उनका अनुसार घरेलु हिंसाबाट पीडित पाँचजना महिलालाई परिवारमा पुनर्स्थापना गरियो भने तीनजनाको मुद्दा अदालतमा चलिरहेको छ । ग्रामीण बस्तीहरूमा रहेका महिला अभियानकर्मी नै घरेलु हिंसाको सिकार बन्ने गरेको ढुङ्गानाको भनाइ छ । कतिपय गाउँका पुरूषमा चेतनाको अभावका कारण अभियानकर्मी महिला नै हिंसापीडित हुनुपरेको छ । कतिपय अभियानकर्मीलाई पनि संरक्षणगृहमा राखेर परिवारमा पुनर्स्थापना गर्ने गरिएको ढुङ्गानाको भनाइ छ ।

## चितवनमा हात्ती महोत्सव हुँदै

काठमाडौं । हात्ती महोत्सवको १२औं संस्करण आजदेखि चितवनमा आयोजना हुने भएको छ । १ दर्जनभन्दा बढी कार्यक्रमसहित मनाइने महोत्सव पुस १५ सम्म चल्ने राजधानीमा आयोजित कार्यक्रममा जानकारी दिइएको हो ।

महोत्सव 'समाज संरक्षण र समृद्धि' नारासहित आयोजना हुन लागेको आयोजक क्षेत्रीय होटल संघ नेपाल चितवनले जानकारी दिएको छ ।

हात्ती संरक्षणका साथै आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको कार्यक्रम संयोजक सुमन घिमिरेले बताए ।

आयोजकका अनुसार महोत्सवमा 'इलाफेन्ट फास्ट वाक' आयोजना गरिनेछ । डुंगा, गाडा तथा टाँगा प्रयोग गरी विभिन्न गतिविधि सञ्चालन गरिनेछ । महोत्सवमा हात्ती छावाबीच फुटवल खेल सञ्चालन गरिने आयोजकले बताएका छन् । सौराहास्थित बाघमारा मध्यवर्ती सामुदायिक वनको चौरमा आयोजना हुने महोत्सवमा हात्तीको शृंगार प्रतियोगिता तथा दिनचर्याबारे जानकारी दिइनेछ ।

महोत्सव अवसरमा वन तथा वन्यजन्तु संरक्षणका उत्कृष्ट कार्य गर्ने १ जनालाई पुरस्कृत गरिनेछ ।

## अलैँची उत्पादन ६ प्रतिशत बढ्यो

खोटाङ/ जिल्लामा गत वर्षको तुलनामा यो वर्ष अलैँची उत्पादनमा ६ प्रतिशत बढेको छ ।

गत वर्ष ४ सय ५६ मेट्रिकटन अलैँची उत्पादन भएको खोटाङमा यो वर्ष ४ सय ८५ मेट्रिकटन पुगेको हो । गत वर्ष ८० करोडको अलैँची बिक्री गरिएको थियो । कृषि विकास कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत श्यामप्रसाद घिमिरेले गत वर्ष प्रतिहेक्टर ०.५० मन दरले अलैँची उत्पादन भएकामा यो वर्ष प्रतिहेक्टर ०.५३ का दरले उत्पादन भएको जानकारी दिए ।

गत वर्ष प्रतिमन ८० हजारका दरले बिक्री भएको थियो भने यो वर्ष प्रतिमन ९५ हजार रूपैयाँका दरले बिक्री भइरहेको छ । जिल्लामा उत्पादित अलैँचीले अहिलेसम्मकै बढी मूल्य पाएको किसान बताउँछन् ।

खेर गइरहेको भिरालो, सेपिलो, ओसिलो र छहारी भएको जमिनमा उत्पादन हुने अलैँचीखेती हाल जिल्लाको ९ सय १५ हेक्टरमा गरिएको छ । जिल्लाका ३४ भन्दा बढी गाविसमा उत्पादन हुने अलैँची भोजपुर, धनकुटा, धरान र झापाको बिर्तामोड हुँदै भारत निकासी हुने गरेको छ ।

v]nsb

## बंगलादेश च्याम्पियन

काठमाडौं । बंगलादेशले पहिलोपटक एएफसी यू–१४ महिला क्षेत्रीय फुटबल प्रतियोगिताको उपाधि जितेको छ । लगनखेलस्थित सैनिक मैदानमा आइतबार बंगलादेशले उपाधि भिडन्तमा साबिक विजेता नेपाललाई १–० ले हराउँदै उपाधि हात पारेको हो । गत १२ वैशाखको भूकम्पका कारण फाइनल खेल स्थगित भएको थियो । भूकम्प गएकै दिन प्रतियोगिताको फाइनल खेल थियो ।

आठ महिनापछि सम्भव भएको फाइनलमा बंगलादेशकी मारियाले निर्णायक एक मात्र गोल गरेकी हुन् । उनले खेलको १६औं मिनेटमा बंगलादेशलाई १–० को अग्रता दिलाइन् । नेपाली डिफेन्डरको गल्तीमा उनले टोलीलाई अग्रता दिलाउन सफल भइन् । डिबक्सभित्र बंगलादेशकी कप्तान कृष्णा रानीले प्रहार गरेको बललाई नेपाली टोलीकी कप्तान रविता कुमारीले क्लियर गर्न सकिनन् ।

नेपालले खेल अवधिमा बराबरी गोल फर्काउने प्रयास गरेको थियो । तर, खेलाडी फर्ममा नरहेकाले नेपाल उपविजेतामै सीमित भयो । नेपालले बंगलादेशलाई दबाबमा राखेको थियो । नेपाली खेलाडीको स्तर आठ महिनाअघिको जस्तो थिएन । नियमित प्रशिक्ष्ँण नपाएका कारण नेपाली खेलाडीले बंगलादेशविरूद्ध स्तरीय खेल खेल्न नसकेको हो ।

खेलको ३४औं मिनेटमा बंगलादेशले दोहोरो अग्रता लिने अवसर गुमायो । बंगलादेशी कप्तान रानीले प्रहार गरेको बल पहिलो बारनजिक हुँदै बाहिरिएको थियो । खेलको ३७औं मिनेटमा बंगलादेशको एक प्रहार क्रसबारमा लागेको थियो । नेपाली खेलाडीले बंगलादेशमाथि दबाब सिर्जना गरे पनि गोल भने गर्न सकेनन् । यता, बंगलादेशले नेपालविरूद्ध काउन्टर रणनीति अपनाएको थियो । उपाधि विजेता र उपविजेतालाई प्रधानमन्त्री केपी शर्मा ओलीले पुरस्कृत गरेका छन् ।

## रेजिना र पुजनलाई स्वर्ण

दिलीप स्मृति ब्वाइज युनियन क्लबकी रेजिना ठकुरीले सातौं कोरियन एमबेसडर कप तेक्वान्दो प्रतियोगिताको महिला जुनियरको ४९ केजीमा आइतबार स्वर्ण पदक जितेकी छिन् । सोही स्पर्धामा कैलालीकी गीता विष्टले रजत तथा चितवनकी सुस्मिता थापा मगर र युनाइटेड तेक्वान्दो डोजाङकी चाँदनी विश्वामित्रले कांस्य पदक जितेका छन् ।

पुरूष जुनियरको ३३ केजीमा युनाइटेडका पुजन खड्का पहिलो भए । आयुष पाण्डे दोस्रो तथा जेससका अस्मित राउत र युनाइटेडका अनुप तामाङ तेस्रो भए । सिनियर ५८ किलोमा केन्द्रीय डोजाङका कुमार बस्नेतले स्वर्ण जिते । उनले फाइनलमा एपिएफका चन्द्र राना मगरलाई हराएका थिए । सो इभेन्टमा धादिङका प्रदीप गिरी र आर्मीका राम पोखरेलले कांस्य पदक जितेका छन् ।

## बार्सिलोना तेस्रोपटक क्लब विश्वकप च्याम्पियन

योकोहामा । बार्सिलोनाले कीर्तिमानी रूपमा तेस्रोपटक क्लब विश्वकप फुटबल प्रतियागिताको उपाधि जितेको छ । जापानको योकोहामा अन्तर्राष्ट्रिय रंगशालामा आइतबार बार्सिलोनाले दक्षिण अमेरिकी क्लब रिभर प्लेटलाई ३–० ले हराउँदै उपाधि जितेको हो । सन् २००९ र ०११ पनि बार्सिलोना क्लब विश्वकप च्याम्पियन भएको थियो ।

योकोहामा रंगशालामा बार्सिलोनाका लागि उरूग्वेयन स्ट्राइकर लुइस सुआरेजले दुई तथा नेमारले एक गोल गरेका थिए । फाइनल अघिसम्म पनि मेसी र नेमार खेल्ने वा नखेल्ने द्विविधामा थिए । तर, इन्रिकले मुख्य




खेलाडीविना प्लेटसँग प्रतिस्पर्धा कठिन हुने जनाउँदै मेसी र नेमारलाई खेलाए । दुई साताअघि युरोपियन च्याम्पियन्स लिगअन्तर्गत समूह चरणको अन्तिम खेलमा बार्सिलोनाले जर्मन क्लब बायर्न लेभरकुसेनविरूद्ध प्रतिस्पर्धा गरेको थियो । त्यस खेलमा सुआरेज र नेमारलाई आराम दिइएको थियो ।

सो खेलमा मेसीले कप्तानी भूमिका निर्वाह गरेका थिए । बार्सिलोनाले लेभरकुसेनविरूद्ध मुस्किलले १–१ को नतिजा निकालेको थियो । क्लब विश्वकप फाइनल दबाबपूर्ण नबाउनका लागि नै प्रशिक्षक इन्रिकले मेसी र नेमारलाई खेलाएको मार्काको भनाइ छ । बार्सिलोनाले दक्षिण अमेरिकी क्लब प्लेटमाथि दबाब बनाइराख्यो ।

खेलको ३६औं मिनेटमा बार्सिलोना १–० ले अघि रह्यो । युरोपियन च्याम्पियन बार्सिलोनाका लागि नेमारले अग्रता गोल गरेका हुन् । नेमारले गोल गर्दा मेसीले उत्कृष्ट ड्रिब्लिङ प्रदर्शन गरेका थिए । मेसीले डिबक्सभित्रै नेमारलाई हेडिङ गोलका लागि अवसर जुराए । खेलको ४१औं मिनेटमा उत्कृष्ट फर्ममा रहेका सुआरेजले टोलीलाई २–० को स्थितिमा पुऱ्याए । खेलको ६६औं मिनेटमा उनले व्यक्तिगत दोस्रो गोल गर्दा बार्सिलोना ३–० ले अघि रह्यो । च्याम्पियनसिपमा सुआरेजले पाँच गोल गरे । उनले सेमिफाइनलमा एसियन च्याम्पियन ग्वाङझाउविरूद्ध ह्याट्रिकसमेत गरेका थिए । यस सिजनमा सुआरेजले सबैखाले प्रतियोगितामा गरी २४ गोल गरेका छन् ।

## /Elg va/



## एउटा आइटमको दुई लाख लिन्छिन् सुष्मा

पछिल्लो समय खासै चर्चामा नरहेकी अभिनेत्री सुष्मा कार्की आइटम गर्लका रूपमा पनि चिनिन्छिन् । लुट, राजनीतिलगायतका फिल्ममा गरेको आइटम डान्सका कारण उनलाई हिरोइनभन्दा बढी आइटम गर्लका रूपमा लिन थालियो । अचेल उनले एउटा आइटम गरेको दुई लाख रुपैयाँ पारिश्रमिक तोक्ने गरेकी छिन् ।

हाल पूर्वमा निर्माण भइरहेको एउटा सतार भाषाको फिल्ममा एउटा आइटमका लागि उनलाई अफर गयो । उनले सुरुमै दुई लाख रुपैयाँ 'डिमान्ड' गरेपछि निर्माण पक्षले कुरा अघि नै नबढाई 'थ्यांक्यु' भन्यो । सुष्मा एउटा आइटमका लागि दुई लाख त तोक्छिन्, तर उनलाई दुई लाख तिरेर आइटम गराएको निर्माता भने अहिलेसम्म भेटिएको छैन । भेटिने सम्भावना पनि न्यून नै देखिन्छ ।

## डा. रूइत सम्मानित

बरिष्ठ आँखा रोग चिकित्सक डा. सन्दुक रूइत भूटानमा सम्मानित भएका छन् । भूटानको एक सय आठौं राष्ट्रिय दिवसको अवसरमा रूइतलाई भूटानी



राजा जिग्मे नाम्याल वाङचुकले 'नेशनल अर्डर अफ मेरिट, गोल्ड'बाट सम्मान गरेका हुन् ।

अन्धोपनका कारण जटिल जीवन जिइरहेका हजारौं भुटानी नागरिकलाई आँखा देख्न बनाइदिएर सहयोग गरेवापत डा. रूइत सम्मानित भएका हुन् । पाठेघरको क्यान्सरविरूद्धको भ्याक्सिन उपलब्ध गराउन उनले गरेको सहयोगलाई पनि भुटानले सम्मान गरेको छ । भूटानबाट यति ठूलो राष्ट्रिय सम्मान पाउनेमा डा. रूइत पहिलो नेपाली हुन् ।

## फागुन ७ मा फागु

अभिनेत्री करिश्मा मानन्धरले निर्माण गरेको तेस्रो फिल्म 'फागु' ७ फागुनमा दर्शकमाझ आउने भएको छ । यसअघि 'ढुकढुकी' र 'बाबुसाहेब' निर्माण गरेकी करिश्माले शुक्रबार राजधानीमा प्रेसमिट गरी आफ्नो फिल्मको फस्ट लुक, प्रोमो र गीत सार्वजनिक गरेकी हुन् ।

सम्झना उप्रेती रौनियारको निर्देशनमा बनेको फिल्ममा




राजेश हमाल, गौरी मल्ल, शिल्पा पोखरेल, सुवास पराजुली, रूपा रानालगायतका कलाकारले अभिनय गरेका छन् । तराई क्षेत्रको पारिवारिक कथामा निर्माण गरिएको फिल्ममा शिल्पा शीर्ष भूमिकामा छिन् ।

## निरौलाले ल्याए हामीले खेल्ने खेलहरू

ज्ञान, शिक्षा जीवनभरि नै निरन्तर आर्जन गरिरहने कुरा हो । शिक्षालाई प्रभावकारी बनाउन राष्ट्रिय, अन्तर्राष्ट्रिय शिक्षाविद्, वैज्ञानिक, लेखक तथा विज्ञहरु निरन्तर लागिपरेका छन् । यही क्रममा लेखक चित्र निरौलाले परम्परागत खेलहरु समेटेर 'हामीले खेल्ने खेलहरु' कृति बजारमा ल्याएका छन् । उनले यसअघि पनि थुप्रै शिक्षामूलक तथा स्वास्थ्यवर्द्धक पुस्तकहरु प्रकाशन गरिसकेका छन् ।

खेलकुदलाई प्रभावकारी बनाउने, खेलप्रेमीलाई उत्प्रेरणा गर्ने, स्फूर्ति जगाउनेलगायतका विषय कृतिमा समेटिएका छन् । परम्परागत खेलकुदलाई अझ प्रभावकारी खेल बनाउने उद्देश्यसहित प्रकाशित कृति सबै ज्ञान, शिक्षा तथा खेलप्रेमीका लागि संग्रहणीय हुनुका साथै आफ्नो पेसालाई अझ बढी प्रभावकारी बनाउन सकिन्छ भन्ने विश्वास लेखकको छ ।

## षडानन्द राष्ट्रिय पुरस्कार अर्पण

आबाल ब्रह्मचारी षडानन्दको १८१औं जन्मजयन्तीको अवसरमा १ पुसमा षडानन्द पुरस्कार अर्पण गरिएको छ । नेपाली साहित्यको श्रीवृद्धिमा विशिष्ट योगदान पुर्‍याएको मूल्यांकन गर्दै यसपटक डण्डपाणी युवा कुमारी स्मृति षडानन्द राष्ट्रिय पुरस्कार विराटनगरका साहित्यकार दधिराज सुवेदीलाई प्रदान गरिएको हो । त्यस्तै, काठमाडौंमा आयोजित कार्यक्रममा षडानन्द राष्ट्रिय पुरस्कार भोजपुरको षडानन्द उच्च माध्यमिक विद्यालय दिङ्लालाई प्रदान गरियो ।

कार्यक्रममै षडानन्द उत्कृष्ट विद्यालय पुरस्कार जालपा उच्च माध्यमिक विद्यालय भोजपुर र वीरेन्द्र उच्च माध्यमिक विद्यालयलाई अर्पण गरियो । यी विद्यालयहरूले एसएलसीमा ल्याएको नतिजाका आधारमा पुरस्कृत गरिएको हो ।

कार्यक्रममा प्रतिष्ठानका सल्लाहकार, दाता तथा पूर्वमन्त्री कृपासुर शेर्पाले षडानन्दले धेरैपहिले भोजपुरमा विद्यालय खोलेर गुन लगाएको बताए । त्यति पहिले विद्यालय नखोलिएको भए, भोजपुरवासी शिक्षाबाट वञ्चित हुने उनले बताए ।

## जसलाई फेसबुकले तान्यो मोडलिङमा

सामाजिक सञ्जाल फेसबुक नहुँदो हो त अहिले तेह्रथुमका गौतम समरलाई त्यतिले चिन्ने थिएनन्, जतिले अहिले उनको प्रशंसा गर्छन् । फेसबुकमै भेटिएका डम्बर नेपालीले समरलाई मोडलिङको 'अफर' गरे । स्कुलेजीवनदेखि सांगीतिक कार्यक्रम तथा नाटक मञ्चनमा रूचि राख्ने समरले त्यतिवेलासम्म विभिन्न कविता प्रतियोगितामा पनि सहभागिता जनाइसकेका थिए । कतिमा त विजयी पनि भएका थिए । सानैदेखि रेडियो सुन्न थालेकाले होला, समरले रेडियोमा प्रस्तोताका रूपमा छोटो समयमा नै आफूलाई स्थापित गरे ।



अभिनय तथा गीत-संगीतमा उनको रूचि नहुँदो हो त डम्बर नेपालीको त्यो 'अफर' समरले अस्वीकार गर्न सक्थे । तर, त्यही एउटा अवसरले उनको पहिचान बदलिदियो । डम्बर नेपालीको एल्बम 'मेरो'को 'तिम्रो पाउजु बजेर थाहा पाएँ' गीतबाट समरको यात्रा सुरू भयो जसले दर्शकलाई लोभ्यायो । त्यसपछि समरले अरु गीतमा पनि मोडलिङ गरे- कुमार लिम्बूको स्वर तथा सुरज सिंह ठकुरीको निर्देशनमा तयार भएको 'तिम्रो मेरो प्रेमको कथा', गायक गणेश न्यौपानेको 'धनकुटा भोजपुर' एल्बमको 'गौरव गर्छौं', 'उकाली चढ्दा' गीत आदिमा ।

## skf/6

## हिमालयन बैंकको लाभांश पारित

हिमालयन बैंकले सेयरधनीलाई ३५ प्रतिशत बोनस सेयर र ७.१०५३ प्रतिशत नगद गरी ४२.१०५३ प्रतिशत लाभांश वितरण प्रस्ताव पारित गरेको छ । बैंकको बुधबार सम्पन्न २३औं वार्षिक साधारणसभाले सेयरधनीलाई लाभांश तथा वितरण प्रस्ताव पारित गरेको हो । साधारणसभामा बैंक सञ्चालक समिति अध्यक्ष मनोजबहादुर श्रेष्ठले आव ०७१/७२ को प्रतिवेदन प्रस्तुत गरेका थिए । बोनस सेयर वितरणपछि बैंकको चुक्ता पुंजी ४ अर्ब ४९ करोड ९१ लाख पुग्नेछ ।

साधारणसभाले बोनस सेयर जारी गरेपछि हुने चुक्ता पुंजीको १४.२८ प्रतिशतका दरले हुने ७ कित्ता सेयरबराबरको १ कित्ता हकप्रद सेयर जारी गर्ने प्रस्तावसमेत पारित गरेको छ ।

कार्यक्रममा अध्यक्ष श्रेष्ठले राष्ट्र बैंकसमक्ष बैंकले प्रस्तुत गरेको पुंजी वृद्धि योजना साधारणसभामा जानकारी गराएका थिए । अध्यक्ष श्रेष्ठले बैंकले हालसम्म ७३ अर्ब ५३ करोड निक्षेप संकलन र ५५ अर्ब ४२ करोड कर्जा प्रवाह गरेको साधारणसभामा जानकारी दिइएको थियो । बैंकले चालू वर्षमा ५ स्थानमा नयाँ शाखा स्थापना, ४ एटिएम जडान र ५ सय थप पस टर्मिनल विस्तार गर्ने योजना रहेको बताएको छ ।

## दाङमा मेगाको शाखारहित सेवा

मेगा बैंक नेपाल लिमिटेडले दाङको डुरुवा र मानपुर गाविसमा शाखारहित बैंकिङ सेवा विस्तार गरेको छ । वित्तीय समावेशिताका माध्यमबाट आर्थिक सशक्तीकरण गर्ने उद्देश्यअनुरूप ग्रामीण भेगका जनतासम्म आधुनिक बैंकिङ सेवा सुविधाको पहुँच विस्तार गर्न शाखारहित बैंकिङ सेवा विस्तार गरिएको बैंकका सिइओ अनिलकेशरी शाहले बताए ।

मेगा बैंकले सक्षम परियोजनासँगको सहकार्यमा यो वर्ष सुदुरपश्चिमसहित देशका विभिन्न जिल्लामा ३० वटा शाखारहित बैंकिङ सेवा विस्तार गर्ने योजना लिएको छ ।

## प्रभु मनी-सनराइज बैंक रेमिट सम्झौता

प्रभु मनी ट्रान्सफर प्रालि र सनराइज बैंकबीच रेमिट्यान्स सम्झौता भएको छ । सम्झौतामा प्रभु मनीका नायव महाप्रबन्धक रामेश्वर सापकोटा र सनराइजका सहायक महाप्रबन्धक रविन नेपालले हस्ताक्षर गरेका हुन् । सम्झौतापछि सनराइज बैंकका ५३ शाखा र एउटा एक्स्टेन्सन काउन्टरबाट सेवाग्राहीले रेमिट्यान्स सुविधा प्राप्त गर्न सक्नेछन् ।

सम्झौतापछि सनराइज बैंकका सबै काउन्टरबाट प्रभु मनीका ग्राहकले सेवा प्राप्त गर्न गर्नेछन् भने प्रभु मनी ट्रान्सफरका एजेन्टमार्फत बैंक खातामा सीधै रकम जम्मा गर्न सकिनेछ । प्रभु मनीले २३ वटा 'क' वर्गका बैंकसँग रेमिट्यान्स सम्झौता गरिसकेको कम्पनीका नायव महाप्रबन्धक सापकोटाले जानकारी दिए ।

## गरिमा बैंकको २० प्रतिशत लाभांश

पोखरामा मुख्य कार्यालय रहेको गरिमा विकास बैंकले आव ०७१/७२ को मुनाफाबाट सेयरधनीलाई वितरण गर्ने २० प्रतिशत लाभांश राष्ट्र बैंकले स्वीकृत गरेको छ ।

चुक्ता पुँजी ७१ करोड १० लाखको २० प्रतिशतले हुने १४ करोड २२ लाखबराबरको बोनस सेयर वितरण गर्ने बैंकको प्रस्ताव राष्ट्र बैंकबाट स्वीकृति भएको छ । स्वीकृत बोनस सेयर विकास बैंकको आगामी साधारणसभाबाट पारित भएपछि वितरण गरिनेछ । बोनस सेयरसहित बैंकको चुक्ता पुंजी ८५ करोड ३२ लाख पुग्नेछ ।

## नेपाल एसबिआई बैंकको लाभांश पारित

नेपाल एसबिआई बैंक सञ्चालक समितिको ३८६औं बैठकले आव ०७१/७२ को नाफा-नोक्सान बाँडफाँड हिसाबलगायतका वार्षिक आर्थिक विवरण स्वीकृत गरेको छ । सञ्चालक समिति बैठकले सेयरधनीलाई गत वर्षको मुनाफा तथा विगत वर्षमा आर्जित मुनाफाबाट २७ प्रतिशतका दरले बैंनस सेयर र १.४२ प्रतिशतका दरले नगद लाभांश कर प्रयोजनार्थ वितरण गर्ने प्रस्ताव पारित गरेको छ ।

लाभांश वितरण प्रस्ताव आगामी २२औं वार्षिक साधारणसभामा पेस गरी स्वीकृतिका लागि राष्ट्र बैंकमा पेस गर्ने निर्णय बैठकले पारित गरेको बैंकले जनाएको छ । बैठकले अधिकतम २ अर्ब ६० करोड रूपैयाँसम्म हकप्रद सेयर निष्कासन गर्ने र अन्तिम लेखापरीक्षणबाट कायम हुन आउने प्रतिसेयर नेटवर्थको सीमाभित्र रही हकप्रद सेयरको प्रिमियम निर्धारण गर्ने प्रस्ताव पनि पारित गरेको छ ।

## सिद्धार्थ-देवः विकास बैंक रेमिट्यान्स सम्झौता

काठमाडौं/ सिद्धार्थ डेभलपमेन्ट बैंकले देवः विकास बैंकसँग एसडिबिएल ट्रस्ट रेमिट सेवा सम्झौता गरेको छ । सम्झौतापत्रमा सिद्धार्थका प्रमुख कार्यकारी अधिकृत अजयकुमार मिश्र तथा देवःका प्रमुख कार्यकारी अधिकृत विजयबहादुर श्रेष्ठले हस्ताक्षर गरेका थिए ।

सम्झौतापछि देवः विकास बैंकका ३७ शाखाबाट एसडिबिएल ट्रस्ट रेमिटका माध्यमबाट मुलुकभर रहेका १ हजारभन्दा बढी स्थानमा ग्राहकले पैसा पठाउन तथा प्राप्त गर्न सक्नेछन् ।

## सशस्त्र...

यहाँ पनि अख्तियार चकित पर्‍यो । साँझ बैंक प्रशासन कसरी खुल्यो, बैंकले हातोहात जमानत बसेको पत्र कसरी लेखेर दियो, यसमा समेत अख्तियारले छानबिन थालेको छ ।

अख्तियार अनुसन्धान आयोगको इतिहासमै सुडानकाण्डभन्दा पेचिलो भ्रष्टाचार काण्ड बनेको छ सशस्त्र आइजीपी कोषराज वन्तको भ्रष्टाचार काण्ड । उनले सशस्त्रभित्रको भ्रष्टाचारको पोल खोलेर नेपाल प्रहरीलाई समेत तानिदिएका छन् । अब हेर्नुछ, अख्तियार प्रमुखको ढाडमा हाड छ कि छैन ? उनले नेपाल प्रहरीका उपेन्द्रकान्त अर्यालको थन्किएको पुरानो भ्रष्टाचार काण्ड र नयाँ भ्रष्टाचारबारे छानबिन गर्छन् कि गर्दैनन् ?

## दुवै...

खर्बको नोक्सानी गरेको थियो, नाकाबन्दीले १७ खर्बको नोक्सानी भइसक्यो । जनधनको क्षतिको हिसाब नै गर्न सकिने अवस्था छैन । ओली सरकार सतीले सरोपेकै सरकार साबित भयो । प्रधानमन्त्री केपी ओली अहिले पनि चुड्की मार्दै तुक्का भनिरहेका छन्, गल्लीको शठले भैं हलुका कुरा हल्लाखल्ला गरेर बोलिरहेका छन् । सत्ता चलाउने खुबी, राजनीति र कूटनीति जिरो रहेछ ओलीमा । यहीकारण सय दिन पनि नपुग्दै उनलाई हटाउने हल्लाबोल सुरू भइसक्यो ।

संविधानले सरकारको ६ महिनासम्म अविश्वासको प्रस्ताव संसदमा पेश गर्न बन्देज छ । यो बन्देजले कहाँ छेक्छ र ? नेकपा संयुक्तले विश्वासको मत फिर्ता लिइसक्यो । राप्रपा र राप्रपा नेपालले विश्वासको मत फिर्ता लिए भने ओली सरकार खलास् । जनता पनि भूकम्पको पीडा, मधेस आन्दोलन र नाकाबन्दीको छटपटीलाई ट्याकल गर्न नसक्ने ओलीसरकार देखेर वाकविधि भइसके । यो सरकार गए जाओस्, जनजिविका सामान्य हुनुपर्‍यो भन्ने कामना आमनागरिकको छ ।

एमाले हल्लाबाजहरू ओली देशभक्त भनेर हल्ला गरिरहेका छन् । हल्लाले कुनै नेता राष्ट्रवादी हुन्छ र ? राष्ट्रवादी हुन राष्ट्रिय सोच चाहिन्छ, त्याग र तपस्या चाहिन्छ । केपी ओली हिलोको किलोभन्दा केही पनि रहेनछन् । जिरे खुर्सानीजस्तो उखानटुक्का भन्ने केपी ओली प्रधानमन्त्री भएपछि थाहा पाइयो, यी त दुबैतिर प्वाल परेका पुङ्माङ पो रहेछन् ।

बरू माधवकुमार नेपालले सही बोले । भैरहवा पुगेर उनले मुख खोले- वार्ता र संवादबाट निकास निस्कन्न भने जनमत संग्रह गर्न सकिन्छ । तमासे संसद तमासा हेरिरहेको छ । देशको विपत्तीमा चुइँक्क बोलेको छैन । सांसदहरू सेता हात्ती जसरी पकापक राजस्व खाइरहेका छन् । राष्ट्को काम केही गरिरहेका छैनन् । कम्तिमा माधव नेपालले सुझाएको जनमत संग्रह गरेर एउटा निकास निकाल्न अघि सरेको भए केपी ओलीको वाहवाही नै हुन्थ्यो । उनी एमाले पार्टीका अध्यक्ष हुन् भन्ने देखिन्थ्यो पनि ।

घुम्दै फिर्दै रूम्जाटार भनेभैं ०६३ सालदेखिको सत्ताको किङपिन बनेका प्रचण्डको दिन सकिए अव । फेरि उही पुरानै पञ्चहरू राजनीतिका निर्णायक बन्ने दिन आएजस्तो छ । पूर्वपञ्च मिलेर एक धक्का दिए भने ओली सरकारमात्र समाप्त हुन्न, देशलाई बर्बाद पार्ने धर्मनिरपेक्षता र जनता जनताबीच महाभारतको युद्ध गराउन खोज्ने र राष्ट्रको बिखण्डनको बिष वृक्ष बनेको संघीयताको सवालले पनि हावा खानेछ ।

चाहिएको प्रजातन्त्र हो । प्रजातन्त्रका लागि पूर्वपञ्चले प्रतिवद्धता जनाए, यिनले लिने विकेन्द्रीकरणको सिद्धान्तले नेपालको संविधान २०७२ लाई जिल्लेमात्र होइन, नेपाली एकता र एकताको शक्तिलाई पनि साबुत रूपमा प्रमाणित गर्ने मौका आएको छ ।

विश्लेषकहरू भन्छन् : त्यसै राप्रपा नेपालका अध्यक्ष कमल थापाले पुष्पमसान्तसम्म सरकारमा बसिन्छ भनेका होइनन् होला ?

## अपमानको...

यो मुद्दालाई भ्र्याली पिट्नु जरूरी छैन । मातृशक्तिलाई कसरी सम्मान गर्नुपर्छ भनेर सिकाउन जरूरी छ । त्यस्तो संस्कार बसाउनु जरूरी छ ।

घटना विवाह पञ्चमीको दिनको हो । राष्ट्रपति रामजानकी मन्दिर जाने भएपछि कुकुर र जुत्ता लगाएका सुरक्षाकर्मी जानकी मन्दिरलाई अपमानित गरे । यस्तो अपमान राजधानीको पशुपतिनाथमा पनि गर्न पाइन्न । राष्ट्रपति फर्केपछि गंगाजल र सुनपानी छर्केर पवित्र गर्ने काम भयो । यसो गर्नेले आक्रोसमा विद्या भण्डारीलाई बिधुवा र अलच्छिना भनेर अपमानित गरेकै हो । तिनीहरू दण्डका भागी छन् । छानबिन गर्न गृहले सहसचिवस्तरमा समिति बनाएको छ, छानबिन गरेर दोषीलाई कारवाही गर्न सकिन्छ । यही विषय उछालेर सिंगै केपी ओली सरकार, एमालेका भातृ संगठन चिच्याएर हिड्न जरूरी थिएन । संसदमा एउटा प्रस्ताव लगेर महिलामाथि यस्तो दूर्व्यवहारको निन्दा गरे सकियो । आइन्दा यस्तो घटना रोकिहाल्छ ।

राष्ट्रपतिको अपमान भयो भनेर स्याल हुइया गरेर समय खेर फाल्नु गलत हो । महिला आमा हुन्, देश पनि आमा । दुबैको अपमान गर्न पाइन्न । आमा क्षमाशील पनि हुनुपर्छ । राष्ट्रपति देशका संरक्षक पनि हुन् । एकता कायम गर्ने राष्ट्रपतिको परम कर्तव्य हो । देशका संरक्षक राष्ट्रपतिले आत्मरतीमा रमाएर अहिले जुन प्रकारको हुइया फैलाइएको छ, यसबाट पहाड र मधेसको खाडल अरू बढ्दा राष्ट्रपतिको कार्यकाल सफल होला कि बिफल ? यतातिर चाहिँ सोचेको खोई ?

## सरकार...

पक्षका मागहरूले निकास नपाउने भन्दै ठाकुरले भने, ओलीको निरन्तरताले मुलुक अकल्पनीय स्थितिमा पुग्न सक्ने धारणा सभापति कोइरालासँग राखेको ठाकुर निकट सुत्रले बताएको छ । सभापति कोइराला पनि ठाकुरको भनाईमा साकारात्मक भएको र कोइरालाले समेत ओली सरकार लामो समयसम्म अघि बढ्न नसक्नेमा आफू र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालबीच पनि अनौपचारिक परामर्श भएको जानकारी गराएको सुत्रले दाबी गरेको छ ।

सभापति कोइरालाले तमलोपाका अध्यक्ष ठाकुरलाई त्यस्तो जानकारी दिएकै बेलामा एमाओवादी अध्यक्ष दाहालले समेत पार्टी केन्द्रिय समितिको बैठकमा आफ्नो धारणा राख्दै वर्तमान सरकार परिवर्तनका बारेमा विभिन्न कोणबाट चर्चा भएको खुलासा गर्दै अहिले नै कुनै निर्णयमा पुगिनसकेको जानकारी गराएका हुनाले कांग्रेस, एमाओवादी र मधेसमा आन्दोलन गरिरहेका मधेसी मोर्चा केपी ओली नेतृत्वको सरकार ढाल्न एक मत भएका छन् । स्मरणरहोस्, प्रधानमन्त्रीको निर्वाचनमा मधेसी मार्चाले कांग्रेस सभापाति कोइरालालाई मतदान गरेका थिए । मधेसमा भइरहेको आन्दोलन छोडेर उनीहरू संसदमा प्रवेश गर्दै कोइरालालाई मतदान गरेपछि आन्दोलनमा सरीक भएका नेता तथा कार्यकर्ताहरूबाट उनीहरूको व्यापक आलोचना भएको थियो ।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको पहिलो माग भनेकै सीमांकन नै भएपनि पछिल्लो समयमा ऊ संविधान संशोधनमा समेत सहमत भएको छ । कांग्रेस सभापति कोइरालाले आफ्नो पार्टी संविधान संशोधनमा तयार रहेको बताएपछि उनलाई व्यवहारमा नै त्यो देखाउन मधेसवादी दलका नेताहरूले आग्रह गरेका छन् । मधेसवादी दलहरू समेत अब सीमांकनको मुद्दा थाँती राखेर संविधान संशोधन गरेर केपी ओली नेतृत्वको सरकार ढाल्न तयार देखिएकाले केपी ओली नेतृत्वको सरकारको दिनगन्ती सुरू भएको छ । सीमाकंनका विषयमा समेत मधेसवादी दलहरू प्याकेजमै सहमति गर्न माग गरिरहेका हुनाले तत्काले सीमांकनको विवाद मिल्न सक्ने सम्भावना देखिँदैन ।

अर्कोतर्फ संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवले मुलुकमा देखिएको समस्याको निकासका लागि ओली सरकार ढाल्नु पर्ने बताएका छन् । राजधानीमा आयोजित एक कार्यक्रममा यादवले भने, यो सरकारलाई अब कसैले जोगाउन सक्दैन । त्यसैले केही दिनभित्रैमा ओली सरकार ढल्छ भन्दै ओलीको विकल्प खोज्दा मुलुकको हित हुने बताएका छन् । यसरी प्रमुख प्रतिपक्षी दललाई साथमा लिएर एमाओवादी र संयुक्त मधेसी मोर्चा सरकार ढाल्न आतुर देखिएका छन् । संसदमा कांग्रेसको २०७, एमाओवादीका ८४ र मधेसी मोर्चाका ३५ सांसद छन् । उनीहरूको संख्या जोड्दा ३२६ पुग्ने हुनाले सरकार ढल्न सक्छ, त्यसमा एमाओवादीले के गर्छ त्यसमै भर पर्छ ।

## अख्तियारको...

महानिरीक्षक वन्तलाई निलम्बन गर्न सरकारलाई पत्रचार गरेपश्चात सरकारले उनलाई तीन महिनाका लागि निलम्बन गरेपछि आयोगलाई वन्तमाथि कारबाही गर्ने बाटो खुलेको छ । अख्तियारले निलम्बन गर्न सिफारिस गरेकै दिन आफूलाई कारबाहीबाट बचाइदिन वन्त एमाओवादी अध्यक्ष पुष्पकमल दाहाललाई लिएर प्रधानमन्त्री केपी ओली निवास बालुवाटार पुगेका थिए । ओलीले अख्तियारले निलम्बन गर्न सिफारिस गरिसकेको र भ्रष्टाचारमा संलग्न भएको आरोप लगेपछि वन्तलाई निलम्बन गर्न सरकार बाध्य भएको बताएपछि अध्यक्ष दाहाल र वन्त निराश भएर बालुवाटारबाट बाहिरिएका थिए ।

अख्तियारले वन्तसँग बयान लिइरहेको र उनीमाथि लागेको आरोपहरूका बारेमा छानविन गरिरहेकै बेला उनले १० करोड रूपैयाँ धरौटी बुझाएर जमानतमा रिहा भएपछि उनको सम्पत्तिमाथि समेत छानविन हुनुपर्ने आवाज उठ्न थालेको छ । अख्तियारको इतिहासमै पहिलो पल्ट धरौटी जमानतमा छुट्न यति धेरै रकम माग भएको र यति ठूलो रकम धरौटी राखेर छुटेको पहिलो मुद्दा हो । वन्तलाई सिटिजन बैंक इन्टरनेशनलले १० करोडको ग्यारेन्टी दिएको र त्यही ग्यारेन्टी राखेर बयान नसकिए पनि उनी छुटेका हुन् । व्यक्तिको चलअचल सम्पत्तिको स्रोत मूल्यांकन गरेर मात्र बैंक जमानत बस्न तयार हुन्छ, तर बयान सकिएको एक घण्टा भित्रैमा यति ठूलो रकमको जमानत बस्न बैंक तयार हुनु र बैंक ग्यारेन्टी समेत दिनुले प्रष्ट हुन्छ वन्तले पहिला नै बैंक ग्यारेन्टी तयार गरेर बसेका थिए ।

अख्तियारले वन्तमाथि सीमित ठेकेदारहरूको मिलिभगतमा करिब ७ करोड रूपैयाँ हानीनोक्सान पुर्‍याएको आरोप लगाएको छ । सशस्त्र प्रहरी बलले आर्थिक वर्ष २०६९/७० र ०७०/७१ मा खरिद गरेका सामग्रीको ढुवानीमा अनियमितता गरेको निष्कर्षमा आयोग पुगेको छ । त्यसैक्रममा उनीमाथि छानविन भइरहेकोमा अब उनको चलअचल सम्पत्तिमाथि समेत छानविन हुने भएको अख्तियार सुत्रले दाबी गरेको छ । तत्कालिन सशस्त्र प्रहरी महानिरीक्षककै निर्देशनमा सदाज्योती सप्लायर्स कम्पनीसँग सामान ढुवानीका लागि सम्झौता गरेको भएपनि सम्झौता अनुरूप काम नभएको भन्दै अख्तियारमा उजुरी परेको थियो । उक्त उजुरीमा वन्तले नै नक्कली बिल बनाउन लगाएर करोडौं भ्रष्टाचार गरेको दाबी समेत गरिएको थियो । वन्तलाई साथ दिने सशस्त्र प्रहरी बलका दुई डिएसपी र एक इनिस्पेक्टरसमेत वन्तसँगै निलम्बनमा परेका छन् । उनीहरूसँगसमेत अख्तियारले बयान लिइरहेको छ ।

वन्त महानिरीक्षक रहेका बेला अहिले निलम्बनमा परेका डिएसपी सुमनजंग थापा, रामकृष्ण महर्जन र प्रहरी निरीक्षक विनबहादुर थापालाई महानिरीक्षक वन्तको दाहिने हातका रूपमा हेरिने गरेको सशस्त्र प्रहरी वलभित्रै चर्चाको विषय बनेको थियो । जे होस्, अख्तियारले अहिले ठूलै माछालाई आफ्नो जालमा पार्न सफल भएको छ ।

## ग्लोबल आइएमई क्यापिटलको नयाँ सेवा

काठमाडौं । ग्लोबल आइएमई क्यापिटलले काठमाडौं उपत्यकाभित्रका धितोपत्र लगानीकर्ताको डिम्याट खाता सहज रूपमा खोल्ने प्रयोजनका लागि अनलाइन सेवा सुरू गरेको छ । अनलाइन सेवामार्फत ग्राहकले आफ्नै घर तथा कार्यालय परिसरबाट डिम्याट (हितग्राही) खाता खोल्न सक्नेछन् ।

ग्लोबल आइएमई क्यापिटल तथा ग्लोबल आइएमई बैंकका शाखाबाट समेत खाता खोलेका उपत्यकाभित्रका डिम्याट खातावालले निश्चित शुल्क भुक्तानी गरी आफ्नै घर तथा कार्यालय परिसरबाटै सेयर डिम्याटिरिलाइजेसन गर्न सक्नेछन् ।

कम्पनीले अनलाइन पेमेन्टमार्फत खाता नवीकरण शुल्क भुक्तानी सुविधासमेत सुरू गरिएको बताएको छ । ग्लोबल आइएमई क्यापिटलले खातावालको सुविधालाई लक्षित गरी अनलाइन पेमेन्टमार्फत खाता नवीकरण शुल्क भुक्तानी सुविधा सुरू गरिएको जानकारी दिएको हो ।

## नाकाबन्दीको प्रभाव रोकिए सडक निर्माण

भक्तपुर । तराई बन्द र भारतको अघोषित नाकाबन्दीका कारण इन्धन अभाव भएपछि जिल्लामा चालू आव ०७२/७३ भित्र सम्पन्न गर्नुपर्ने ठूला तथा साना सडक निर्माण अवरूद्ध भएको छ । डिभिजन सडक कार्यालय भक्तपुरअन्तर्गतका ठूला-साना गरी करिब २ सय सडक निर्माण तथा स्तरवृद्धि ठप्प भएको हो ।

डिभिजन सडक कार्यालयका प्रमुख वरिष्ठ इन्जिनियर देवेन्द्र शाहले इन्धन अभावले सडक विस्तारदेखि कालोपत्रे गर्ने काम रोकिएको बताए ।

काठमाडौं सहरी सडक विस्तार कार्यक्रमअन्तर्गत जिल्लाका ठूला सडकको निर्माण रोकिएको उनको भनाइ छ । सूर्यविनायकस्थित पाण्डुबजार हुँदै गुण्डुसम्मको सडकको नाली, ड्रेन निर्माण भए पनि कालोपत्रे रोकिएको छ । इन्धन नहुँदा लोकन्थलीबाट एसओएस जाने सडक र अरनिको राजमार्गबाट बप्पा हुँदै थिमी नगरपालिका जाने सडक कालोपत्रे रोकिएको छ ।

त्यस्तै, लोकन्थलीबाट हेल्थपोस्ट हुँदै सानोठिमी जाने सडक, चारदोबाटोबाट बालकोट जाने सडक र भक्तपुर नगरपालिका ब्यांसीबाट भौखेल जाने सडक पक्की गर्ने काम अलपत्र परेको छ ।

## बिखण्डन...

काठमाडौंमा विद्युतीय कार र रेल सञ्चालन गरी मुलुकको विकास गर्ने घोषणा समेत गरेका भएपनि एकवर्षभित्र लोडसेडिङ मुक्त मुलुक हुन्छ भन्ने खाका चाहिँ बताएनन् । अहिलेको अवस्था हेर्दा एक वर्षमा होइन, १० वर्षभित्रमा पनि मुलुक लोडसेडिङ मुक्त हुन सक्ने कुनै सम्भावना देखिएको छैन । मधेसवादी दलहरूले गरिरहेको आन्दोलनलाई इंगित गर्दै प्रधानमन्त्री ओलीले भने भारतको उक्साहटमा संविधानको गलत प्रचार गरेर तराईका जनतामा भ्रम छरिएको भन्दै नयाँ संविधानले महिलालाई ३३ प्रतिशत आरक्षण र ४८ प्रतिशत आदिबसी जनजाति र पिछडिएको समुदायलाई आरक्षणको व्यवस्था गरिएकाले नेपालको संविधान विश्वकै उत्कृष्ट संविधान भएको समेत बताए ।

## भारत...

कुराको प्रचारबाजी हुनुले अब भारत आफू 'नदेखिने' गरी पन्छिएर मधेसी मोर्चालाई अगाडी बढाएर स्वार्थ पुरा गर्न खोजेको भान एक अर्कोथरीलाई भइरहेको छ । अझ उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री कमल थापाको जारी चीन भ्रमणलाई प्रभाव पार्न पनि यो 'रणनीति' आएको हुनसक्छ भन्ने पनि धेरै ने छन् । तर एउटा कुरा के चाहिँ पक्का हो भने, अब भारत विश्वलाई आफू कर्ता होइन भनेर प्रमाणित गर्न चाहान्छ । काठमाडौंलाई 'दुःख' दिन वीरगञ्जमा तनाव कायमै गराएर भारत आफ्नो दुरगामी लक्ष्य पुरा गराउन चाहान्छ । यो कुरालाई नेपाली जनताले मनन गरून् ।

अझ नेपाली कांग्रेससँग भइरहेको मधेसीहरूको वार्ताले त टड्कारो रूपमा ओली सरकारको वहिर्गमन अनि आफ्नो अनुरूपको (मधेसीसहित) सरकारका लागि भारत आतुर भइरहेको पनि बुझिन्छ । तर जे होस्, भारतको भित्रि उद्देश्य पुरा नभइकन यो नाका (वीरगञ्ज)को अवरोध हट्दै हट्दैन । जुन यहाँका नेताहरूले अब खुलस्त बुझाउन जरूरी छ । खासगरी संविधान जारी हुनुअघि दिल्लीको तीर्थाटन गर्ने प्रचण्ड र शेरबहादुर देउवाले ।






सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार